## तेस्रो परिच्छेद

# असमको परिचय र नेपालीहरूको पृष्ठभूमि

### ३.१ पृष्ठभूमि र विषय प्रवेश

असम भारतको उत्तर पूर्वाञ्चलको एउटा प्रदेश हो । पौराणिक कालदेखि प्राग्ज्योतिषपुर, कामरूप जस्ता विभिन्न नामले परिचित हुँदै आएको वर्तमान असम प्रदेश भौगोलिक रूपमा कहिले बृहत्तर फैलिँदै र कहिले खुम्चिँदै वर्तमान अवस्थामा स्थिर रहन गएको देखिन्छ । यसमा विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेको हुँदा भाषा, संस्कृति, धर्म आदिका क्षेत्रमा विविधता पाइन्छ । अनेकविध जाति र भाषाहरू मध्ये नेपाली जाति र नेपाली भाषाको स्थान पनि यहाँ महत्त्वपूर्ण रहेको छ । असममा नेपालीहरूको प्रवेश, ऐतिहासिक अवस्था, व्यवसाय, वर्तमान स्थिति, नेपाली भाषाको विकास र विस्तार, असमेली नेपाली साहित्यको उठान, विकास र विस्तार आदिको सामान्यतया चर्चा परिचर्चा भए पनि यस विषयमा विस्तृत शोधकार्य भएको पाइँदैन । यहाँ विशेष गरेर असमेली नेपाली कविताको विकास र त्यसले समग्र नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई देखाउने सन्दर्भमा असम प्रदेशको भौगोलिक, ऐतिहासिक, जातीय, सांस्कृतिक आदि पक्षको सामान्य परिचय दिइएको छ । असममा नेपाली साहित्य लेखनको पृष्ठभूमि निर्माणका निम्ति नेपालीहरूको बसोबासगत पृष्ठभूमि समेतलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

### ३.२ असम नामको उत्पत्ति

आहोमहरूले आक्रमण गर्नु भन्दा पहिले अर्थात् तेह्रौं शताब्दी भन्दा अघिसम्म यो भू-भागको नाम कामरूप नै थियो । कालक्रममा आहोमहरूको जातिलाई सम्बोधन गर्ने आहोम शब्द परिवर्तन भएर आहोम, अहम वा असममा रूपान्तरित भयो र यिनीहरूकै अधीनमा यो देशको शासनभार गएपछि यस भू-भागको नाम पनि उनीहरूको नाम अनुसार 'असम' रहन गयो (लक्ष्मीदेवी, १९८७ : ११८) । टी शर्माका भनाइ अनुसार कामरूप राज्य पहाड पर्वतले भरिएको र असमान भएकाले यसको नाम असम भएको हो । साथै विसम धरातल भएका कारणले पनि असम हुनसक्ने व्युत्पादित अर्थ दिने प्रयत्न गरेको पाइन्छ (शर्मा, १९८२ : १२३) । आज तत्कालीन ब्रह्मपुत्र उपत्यका र यसका ओरिपरिका परिवेश र बराक उपत्यका समेतलाई असम भनेर चिनिन्छ । माथि उल्लेख भएको कामरूप आज एउटा जिल्लाको रूपमा चिनिन्छ । यस विषयका अध्येता टी शर्माका मतअनुसार तत्कालीन वृहत्कामरूप क्षेत्र वर्मादेखि पश्चिममा टिष्टासम्म पर्दथ्यो र अझ पश्चिमसम्म पनि यसको सीमा विस्तारित थियो । पछिल्ला चरणमा यस क्षेत्रलाई असम भनेर सम्बोधन गर्ने गरियो । आहोमहरूले वर्माबाट आएर सन् १२२८ मा कामरूपको पूर्वी क्षेत्रबाट प्रवेश गरी अधिकार

जमाएर सम्पूर्ण कामरूपलाई आफ्नो अधीनमा ल्याए पछि ६०० वर्ष राज्य गरेको देखिन्छ । ६०० वर्षको राज्यकालमा यिनीहरूले आफूलाई भारतीय सभ्यतामा समाविष्ट गरी वृहत्तर असम राज्यको स्थापना गरेका हुन् (शर्मा, १९८२ : १२३) ।

सन् १२२८ मा उत्तर वर्माबाट प्रवेश गरेका शान अथवा आहोम जातिका मानिसका एक समूहले सुकाफाको नेतृत्वमा आजको अरुणाचलनमा अवस्थित पाटकाइ पहाडलाई अतिक्रमण गरेर त्यसको छेउको एउटा तिराप नामको अञ्चललाई आफ्नो कब्जामा ल्याएका हुन् । आहोमहरू विस्तारै आफ्नो शक्तिमा विकसित बन्दै गएपछि पन्ध्रौं शताब्दीका बिचमा असमका दुईटा उपत्यका बराक उपत्यका र ब्रह्मपुत्र उपत्यका मध्ये ब्रह्मपुत्र उपत्यकामा तिनीहरूले शासन गर्न थालेका हुन् । आजको पश्चिम बङ्गाल क्षेत्रबाट आहोमहरूलाई मुगलहरूले आक्रमण गरे तर सफल हुन सकेनन् । यो घटना आहोमहरूका निम्ति चिरस्मरणीय बनेर रह्यो ।

आहोमहरूको स्वकीय धर्ममाथि हिन्दुहरूको विजय नै हिन्दुहरूका निम्ति अनुकूल सावित भयो । आहोमहरू धार्मिक दृष्टिले छुट्टै धर्मावलम्बी थिए । आहोमहरू हिन्दु धर्ममा दीक्षित हुनु नै भारतको इतिहास र संस्कृतिप्रति आहोम युगको महत्त्वपूर्ण योगदान हो । आहोमहरूले त्यो भूमिमाथि आफ्नो प्रभुत्व जमाएका थिए तापनि भारतीय आर्यहरूको ब्रह्मपुत्र उपत्यकामा आगमन भए पश्चात् त्यो उपत्यकामा आर्थीकरणको क्रम सुरु भएकाले धर्मान्तरण हुन उनीहरू बाध्य भए । धार्मिक दृष्टिले पराजित बनेका आहोम र विजयी बनेका आर्यहरू यी दुवैका निम्ति यो घटना अनुकूल भयो । यस उपत्यकामा स्थापित मूल आहोम सभ्यताका लागि भन्दा बाहिरबाट प्रवेश गरेका अपरिचित बेग्लै धर्म र संस्कृति भएका विजेताहरूका लागि यो अझ लाभदायक बन्न पुग्यो । ब्रह्मपुत्र उपत्यकामा आफ्नो अधिकार स्थापना गर्नु भन्दा अघि एउटा समन्वित हिन्दु धर्म कायम भयो । साथै असमका सिंहासनका लागि वर्मेलीहरूले पनि पटक-पटक गरेको आक्रमणको कुरा अझै पनि असमा गीतका रूपमा गाइने गरिन्छ (पराजुली, २००१ : ५) ।

## ३.३ असमको भौगोलिक परिचय

ब्रह्मपुत्र नदी आजको समग्र भारतको उत्तर पूर्वाञ्चलमा अवस्थित असमको बिच भाग भएर चीनको भू-भागसमेत छिचोली उत्तर दक्षिण गतिमा बगेको छ । हिमाल पहाड तराईसमेत भूवनोट भएको, सधै उर्बर भूमि रहने आजको असमको भौगोलिक क्षेत्रफल ७८.४३८ वर्ग कि.मी. छ । आजको असमको क्षेत्रफल समग्र भारतीय भू-भागको क्षेत्रफलको २.३९ रहेको छ (जैन, २०१० : ५३) । वर्तमान असमको जनसङ्ख्या २,६६३८,४०७ रहेको छ । उक्त गणना अनुसार पुरुष १३७,८७,७९९ र महिला १,२८,५०,६०८ रहेको छ । घनत्व प्रतिवर्ग किलोमिटर ३४० रहेको छ (बरुवा, २००६ : १३२) । पुरुष र नारीको अनुपातको

दृष्टिले प्रति २०० पुरुषमा ९३२ महिला सङ्ख्या रहेको उल्लेख गरिएको छ । प्रतिवर्षमा जन्मको दर १८.८५ प्रतिशत र शिक्षाको दर ६४.२० रहेको छ (बरुवा, २००६ : १३१) ।

असम भारतवर्षको कूल क्षेत्रफलको २.३३ प्रतिशत भू-भाग ओगट्ने जम्मा २८ प्रशासनिक जिल्लाहरूले बनेको तराई, पहाड र हिमाल भएको प्राकृतिक स्रोत र सम्पदा युक्त एउटा भूमि हो । यसको उत्तर समथर बिचबाट ब्रह्मपुत्र नदी (जसलाई लोहित्य पनि भनिन्छ) दक्षिणको समथर बराक (सुरमा पनि भनिन्छ) नदी बगेका यस भू-भागभित्र नदी सभ्यताका दृष्टिले क्रमशः ब्रह्मपुत्र उपत्यका अर्थात् ब्रह्मपुत्र घाटी र बराक उपत्यका अर्थात् बराक घाटी नामबाट सम्बोधन गर्ने गरिएको छ । यी दुई घाटीका बिचमा कार्बिआङलङ क्षेत्र पर्दछ । हाल असमका २८ जिल्लाहरू मध्ये ब्रह्मपुत्राञ्चलमा पर्ने जिल्लाहरू पश्चिमबाट पूर्वतिर क्रमशः यस प्रकार छन् : धुबुरी, कोकराझार, चिराङ, बगाइगाउँ, गोवालपाडा, बरपेटा, नलबारी, कामरूप, दरङ, उदालगुढी शोणितपुर, मरिगाउँ, नौगाउँ, गोलाघाट, जोरहाट, शिवसागर, लखिमपुर, धेमाजि, डिब्रुगड र तिनसुकिया । बराक घाटिमा पर्ने जिल्लाहरू हुन् : करिमगञ्ज, हाइलाकान्दि र कछाड । पहाडी क्षेत्रमा दुईटा मात्रै जिल्ला पर्दछन् ती हुन् : कार्बिआङलङ जिल्ला र उत्तर कछाड जिल्ला (उपाध्याय, २००४ : १-३) । जमदग्नि उपाध्यायको अध्ययनका अनुसार अविभाजित अवस्थाको दरङ जिल्ला भन्नाले आजको दरङ र शोणितपुर जिल्ला र अविभाजित अवस्थाको डिब्रुगढ जिल्ला भन्नाले आजको डिब्रुगढ र तिनसुकिया जिल्लालाई जनाउँछ (उपाध्याय, २००४ : ३) । आजको भौगोलिक चित्रमा असमलाई ८९°४९ र ९६° पूर्वी देशान्तर रेखा तथा २४°१०' र २७°५८° उत्तरी अक्षांशरेखा भित्र परेको उल्लेख भएको छ ।

### ३.३.१ पुरानो असम र यसको विभाजन

भारतको पूर्वाञ्चलभित्र पर्ने भू-भागमा दुई सय वर्ष अघिसम्म स-साना धेरैवटा स्वतन्त्र राज्य रहेको कुरा उल्लेख छ (उपाध्याय, २००४ : ३) । यी राज्यका रजौटाहरूलाई हटाएर १९ औं शताब्दीको सुरुतिर एउटा विस्तृत राज्य निर्माण भएको हो (उपाध्याय, २००४ : ३) ।

असमका ब्रह्म राजा र इङराजको बिचमा भएको युद्धमा इङ्राजको विजय भएपछि असमको इयान्डाबु भन्ने ठाउँमा १८२६ मा एउटा सन्धि भएको देखिन्छ । सन्धि पछि असमको विस्तृत भूखण्डको एक खण्ड ब्रिटिशहरूले हात पारेर भारतको मूल भूखण्डसँग सामेल गरेका हुन् । पछि उनीहरूले त्यसका छेउछाउका भू-भागहरू 'असम' को एउटै प्रशासनिक दायराभित्र ल्याउने उद्देश्यले सन् १८२८ मा खसिया तथा जयन्तिया पहाड, सन् १८७१ मा गारोपहाड, यी तीनैवटा क्षेत्रलाई मिलाएर १८७१ मा मेघालयको नाम दिइयो । सन् १८९० मा नागापहाड, १८९१ लुसाइ पहाड (मिजाराम), अनि १९१२-१४ भित्रमा नेफा (NEFA) (अरुणाचल प्रदेश) लाई असममा गाभिसकेको पाइन्छ । वृटिसहरूले मणिपुरलाई

आफ्नो अधीनमा ल्याए पनि उनीहरूले यसलाई असममा गाभ्ने प्रयत्न गरेनन् । वृटिसहरूले सन् १८८७ देखि १८९१ बिचमा यी प्रान्तहरूलाई पुरै आफ्नो कब्जामा ल्याएका छन् (उपाध्याय, २००४ : ३) । यस पछि वृहत् असमको निर्माण हुन पुगेको हो ।

वृटिसहरू भारतबाट गइसकेपछि अखण्डित असमबाट सन् १९६३ मा नागाल्यान्ड छुट्टै अङ्ग राज्य बनेको देखिन्छ । नागाल्याण्ड छुट्टिएका दश वर्षपछि सन् १९७२ मा मिजोराम, मेघालय र अरुणाञ्चलन प्रदेश पनि असमबाट छुट्टिएर भारतको अङ्गराज्य बन्न पुगेका हुन् (उपाध्याय, २००४ : ४) । यस पछि वर्तमान असम प्रदेश स्थिर रूपमा रहेको छ ।

### ३.३.२ वर्तमान असमको भौगोलिक सीमा

असम उपत्यका समग्र भारतको एउटा अङ्ग राज्य हो । आजको प्रशासनिक विभाजन अनुसार समग्र भारतको उत्तरपूर्वाञ्चल भन्नाले तत्कालीन समग्र असमलाई बुझ्ने गरिन्छ । उत्तरपूर्वाञ्चल भित्र नागाल्यान्ड, मणिपुर, त्रिपुरा मेघालय, अरुणाञ्चल प्रदेश, मिजोराम र असम गरी सात प्रान्तहरू भएका तर आज ती सबै भारतका अङ्ग राज्यका रूपमा रहेका छन् ।

वर्तमान असमको भौगोलिक परिसीमालाई हेर्दा यसका उत्तरी साँधमा स्वतन्त्र भुटान राष्ट्र र भारत वर्षकै अङ्ग राज्य अरुणाचल प्रदेश रहेका छन् । सोझै पूर्वतिर अरुणाचल प्रदेशसहित भारतकै अरू दुई अङ्ग राज्य नागाल्याण्ड र मणिपुर रहेका छन् भने पूर्वसीमामा बर्मदेश वा म्यानमार रहेको छ । असमको दक्षिण सीमामा मिजोराम, मेघालय र त्रिपुरा- यी तीन भारतकै अङ्ग राज्य पर्दछन् । पश्चिममा उँधोपट्टि आधाजसो सिमाना बङ्गलादेशले छोएको छ भने आधा साँध भारतकै अङ्ग राज्य पश्चिम बङ्गाल रहेको छ (उपाध्याय, २००४ : २) ।

भौगोलिक सन्दर्भमा असम शब्दबाट हुने अर्थको आशय आजको भारतीय प्रशासनिक विभाजन अनुसार २८ वटा मात्र जिल्ला रहेको असमलाई बुझ्नु पर्ने हुन्छ र यस अध्ययनको भौगोलिक सीमा तिनै २८ वटा जिल्ला समाहित भएको असम प्रान्तमा सीमित गरिएको छ ।

### ३.३.३ असमको भू तथा प्राकृतिक वनोट

असमलाई प्रधानतः तीन भागमा विभाजन गरेर हेर्न सकिन्छ ।

(क) उत्तरपट्टि ब्रह्मपुत्र उपत्यका ।

(ख) दक्षिणको बराक सुरमा उपत्यका ।

(ग) उत्तर कछाडको पार्वत्याञ्चल र कार्वि आङ्लङ जिल्लालाई छुट्ट्याएर राख्ने बिचको संयुक्त पार्वत्य अञ्चल (दास, १९८६ : ४७) ।

### ३.३.४ असमको जलवायु

असमको जलवायु विशिष्ट छ । यसलाई समग्र भारतको कुनै क्षेत्रको जलवायुसँग तुलना गर्न सकिँदैन । असमको जलवायु विशिष्ट हुनमा निम्नलिखित तत्त्वहरू सहयोगी बनेका छन् :

(क) अवस्थिति

(ख) भू-आकृति

(ग) उत्तर-पूर्व उत्तर पश्चिम बङ्गालको खाडीबाट निस्केको वायुचाप तथा समयमा उत्पन्न भएका मौसमी हावाहरू (मनसुन) ।

(घ) उष्ण हावा

(ङ) स्थानीय पर्वत र उपत्यकाहरूमा उत्पन्न भएका हावा ।

(च) ठाउँ-ठाउँमा उत्पन्न आद्रता (दास, १९८६ : ४९) ।

असमको जलवायु ग्रीष्म प्रधान भए पनि मौसमी वायुका प्रभावमा केही हदसम्म वर्षा हुने गर्छ । असमको जलवायु पर्वत र तराई अञ्चलमा गर्मी र जाडो (आर्द्र) हुने हुँदा यस अञ्चलको उष्णता ग्रीष्मकालमा ३०$^{\circ}$ सेलसियसबाट ३७$^{\circ}$ सेलसियस र शीतलकामा ७$^{\circ}$ सेलसियसदेखि १२$^{\circ}$ सेलसियस रहेको देखिन्छ (जैन, २०१० : ३) । यसबाट असमको जलवायु विभिन्न प्रकारको देखिन्छ । असम राज्यमा प्रायः वर्षामा १७६ सेन्टि मिटरबाट ३०५ सेन्टिमिटर पर्यन्त वर्षा हुने गर्छ । पृथ्वी भित्रमा बढी वर्षा हुने ठाउँ भित्रमा असम पनि पर्दछ । जुन महिनाको मध्य भागबाट वर्षा सुरु भएर अक्टोवर महिनाको पहिलो भागसम्म यहाँ वर्षा भइरहेको देखिन्छ (जैन, २०१० : ३) ।

## ३.४ असमको जातीय विविधता र भाषिक अवस्थिति

असम भारतको बहुजातीय प्रदेश हो । यहाँ असमका आदिवासी जाति जनजाति र अन्य मुलुकबाट आएका जनजातिको समष्टि बसोबास पाइन्छ । तसर्थ जातीय विविधताको अध्ययन पनि साहित्यको अध्ययनको क्रममा अपेक्षित छ ।

असमलाई जातजाति र भाषिक दृष्टिले पनि अध्ययन गर्न आवश्यक देखिन्छ । बुरञ्जीको नयाँ पुरानो इतिहासमा प्राग्ज्योतिषपुर, कामरूप र असम नामले चिनिने यस भूमिमा विभिन्न जनजातिको सङ्ख्या १९५१ को जनगणना अनुसार पाँचलाख भन्दा बढी रहेको छ (भट्टाचार्य, १९९० : १३) । असममा रहेका जाति जनजातिहरूको विवरणलाई क्रमशः तल चर्चा गरिन्छ :

### ३.४.१ असमका प्राचीन जाति

असम बहुजातीय प्रदेश भएकाले यहाँ विभिन्न जाति जनजातिको बसोबास पाइन्छ । ती जाति जनजातिमध्ये प्राचीन कालदेखिका केही जातिको पृथक अस्तित्व छ । वर्तमान

असममा बसोबास गर्दै आएका केही जाति र जनजातिमध्ये वडो कछाडी, अँका, आबर, खासी सिनेटिङ, गारो, डिमासा, कछारी, सोनोवाल कछाडी, डफला, देउरी, सुतिया, दोवनिया, फकियाल, मिकिट, मिजो, मिरी वा मिसिङ, राभा, लालुङ, आपाटानी, टागिन, खेर, डुकपेन, मनपा (भट्टचार्य, १९९९ : १९४) आदि जनजातिहरूको बसोबास बढी भएको छ ।

यिनीहरूमा धेरैजसोको लिखित कुनै भाषा छैन । बोलचालको माध्यमबाट नै यिनीहरू मनको भाव प्रकट गर्छन् । त्यसलाई उपभाषा वा सम्पर्क भाषा (दोवान) भनिन्छ । असमका प्रमुख जाति जनजातिको सङ्क्षिप्त परिचय यस प्रकार छ :

**(१) अँका**

अँकाहरू हिमाली पहाडको दक्षिणतर्फ पहाडको बिचमा बसोबास गर्छन् । त्यस ठाउँलाई अँका पहाड भनिन्छ । यिनीहरूको भाषा तिब्बत बर्मेली शाखा अन्तर्गत पर्दछ । मिजो भाषा र अँका जातिको भाषा एउटै छ । यिनीहरूको छुट्टै लिपि साहित्य छैन ।

पहाडका समतल भागमा नेपाली लेप्चा मूलका जातिहरू बसोबास गर्छन् । लेप्चाहरूले जस्तै अँकाहरूले पनि बिच-बिचमा टकौ (सागु) नामक रूखको भित्रको गुदी निकालेर मसिनो धुलो पारेर खाने गर्छन् । धान र सागु नै यिनीहरूको प्रधान खाद्य हो (भट्टचार्य, १९९९ : ४) । वर्तमान असमको पूर्वसीमान्तमा पर्ने शदिया सहरको वरिपरी कतिपय पहाडी जातिहरू बसोबास गर्छन् । विशेषगरी आदि वा आबर, मिरि मिसिङ खामति र भुटिया जाति नै यस ठाउँका बासिन्दा हुन् । यिनीहरू चिनका मङ्गोलीय जातिका हाँगा हुन् । यिनीहरूको आफ्नो कुनै भाषा छैन (भट्टचार्य, १९९९ : २६) । यिनीहरू असमिया भाषा बोल्ने गर्छन् ।

**(२) खासी**

असमको जनजाति भित्रमा खसिया पनि एक जनजाति हो । खासी जातिहरू ब्रह्मदेशबाट पाटकाइ पर्वत पारहुँदै असमतिर प्रवेश गरेका हुन् भन्ने भनाइ छ । भाषाशास्त्री पण्डित ग्रीयर्सनका भनाइ अनुसार ब्रह्मदेश र मलय उपद्विपका मनक्षमेर, पालउङ्उवा आदि अष्ट्रिक सम्प्रदायका भाषासँग खासी र मुण्डा भाषाको धेरै मेल देखिन्छ (भट्टचार्य, १९९९ : २७) ।

खसियाहरूको छुट्टै आफ्नो भाषा छ, यस भाषामा सामाजिक तथा साहित्यिक स्तर उच्च बनिसकेको छ । त्यस कारण यी भाषा र साहित्यको पठनपाठन विश्वविद्यालय स्तरमा आरम्भ भइसकेको छ । यिनीहरूको आफ्नो लिपि नभएकाले यिनीहरू रोमन लिपि प्रयोग गर्छन् ।

**(३) गारो**

यस क्षेत्रको अर्को जाति गारो हो । यिनीहरूको मूल क्षेत्र गारो पहाड भए पनि यिनीहरू आज असमको कामरूप, गोवालपाडा, खसिया पहाड र असम बाहिर त्रिपुरा र मैमनसिंहमा बसोबास गर्छन् । गारोहरू तिब्बत/बर्मेली मूलका जाति हुन् (भट्टचार्य, १९९९ :

३८) । गारो भाषा तिब्बत बर्मेली समूहको भाषा हो । यी भाषासँग तराइका जनजाति कछाडीको भाषा मिल्दो छ । वर्तमान अवस्थामा गारोहरूको साहित्य पनि विकसित भएको छ । अमेरिकाली मिसनरीहरूले क्रिस्चियन धर्म प्रचारका निम्ति बाइवलको अनुवाद गारो भाषामा गरिदिएको र धर्म प्रचार यसै भाषामा गरिदिएका कारण गारो भाषाको विकास भएको पाइन्छ (भट्टचार्य, १९९९ : ३९) ।

**(४) डिमासा**

त्यस्तै असमको अर्को जाति डिमासा पनि हो । असमका डिमासाहरू बुरञ्जीमा इतिहसमा वर्णन गरिए अनुसार वडो जातिका शाखा हुन् । यस जातिको बसोबास असमको उत्तर कछाड पहाड, कछाड जिल्लाको शिलचर महकुमा मिकिर पहाडको तराइ भाग, नगाउँ जिल्ला, असम र नागाल्यान्डको बिचमा पर्ने नगापहाड र वर्तमान नगाभूमि वा नागाल्यान्ड जिमापुर र धनश्री अञ्चलमा बसोबास गर्छन् । वर्तमान डिमासा कछाडीहरूको सङ्ख्या पचासहजार भन्दा बढी छ (भट्टचार्य, १९९९ : ४४) ।

**(५) दोवनिया**

जातजातिकै क्रममा यस क्षेत्रको अर्को जात दोवनिया पनि हो । यी जातको निर्माण विभिन्न जातजातिको मिश्रणबाट भएको मानिन्छ । यस जातिको भाषिक र संस्कृतिको छुट्टै पहिचान पाइन्न । जाति मात्रको उल्लेख भए पनि यसको सांस्कृतिक भाषिक पहिचान असमियामा समाहित भइसकेको छ । यिनीहरू डिब्रुगड जिल्लाको मार्घेरिटा क्षेत्रमा बसोबास गर्छन् (भट्टचार्य, १९९९ : १०८) ।

**(६) देउडी**

असमको अर्को जाति देउडी हो । यस जातिसँग मिल्दो भाषा संस्कृति सुतिया थातिमा पनि पाइन्छ । त्यस कारण यी दुवै एकै मूलका जाति हुन् । देउरी र सुतिया जाति पण्डित वर्गका हुन् । यिनीहरू भारोपेली मूलको भाषा प्रयोग गर्छन् । यी दुवै जाति आर्य मूल जातिका हुन् । यिनीहरूको भाषा असमियासँग मिल्दो जुल्दो छ । तेह्रौं शताब्दीमा यी सुतियाहरू ब्रह्मपुत्रको सहायक नदी स्ववनशिरी नदी पारीसम्म विस्तारित थिए । यिनीहरू आहोमहरूको प्रवेश हुनु भन्दा अघि नै देखि यहाँ विस्तारित थिए । लामो समयसम्म आहोमहरूसँग आफ्नो अस्तित्व रक्षाको निम्ति सङ्घर्ष गर्दागर्दै पनि पराजित बनेका यिनीहरूको अस्तित्व १५ औं शताब्दी पछि नगन्य बन्दै गयो र हाल आएर यिनीहरू जाति थरमा मात्र सीमित रहे पनि भाषा संस्कृति र अन्य मूल्यका दृष्टिले लोप हुँदै गएका छन् (असम गेजेटर्स, १९२८) ।

**(७) बडो**

असमको अर्को जाति हो बडो । यी जातिहरू असमको तल्लो भागमा बसोबास गर्छन् । यो मङ्गोल मूलको जाति हो । यो जाति चीन तिब्बतीय मङ्गोलीय समूहको हाँगो

हो । इसापूर्व दुई सय वर्ष अघि चीनको उत्तर पश्चिम भू-भागमा यिनीहरूको बासस्थान भएको कुरा अभिलेखमा प्राप्त छ (भट्टचार्य, १९९९ : ५४) । गैर जनजाति समुदायले यस भाषालाई बोडो भाषा भन्दछन् । तर बोडो समुदायका लेखक तथा संस्थाहरू यस भाषालाई देवनागरी लिपिमा बोरो वा बर भनेर आफ्नो परिचय दिन्छन् । असमका अन्य जनजातीय भाषाहरूको तुलनामा बोडो जनजातिको बोरो भाषाले अधिक प्रगति गरिसकेको पाइन्छ (गुरागाईं, २०११ : १४२) ।

साहित्य अकादमीले २००५ मा यस भाषालाई स्वीकृति प्रदान गरेको देखिन्छ । २००४ मा भारतीय संविधानको आठौं अनुसूचीमा यस बोरो भाषालाई मान्यता प्रदान गरिएको छ (गुरागाईं, २०११ : १४३) ।

१८८४ देखि नै मिसनरीहरूले बोरो भाषामा व्याकरण कोश, पाठ्यपुस्तक, बाइबल आदि छपाउने काम गरेको देखिन्छ । १९४२ को १६ नोभेम्बरमा बोडो साहित्य सभाको स्थापना भएको पाइन्छ । १९७५ अघि बोरो भाषा कसैले असमिया लिपिमा र कसैले रोमन लिपिमा लेख्ने गरेको देखिन्छ ।

१९९८-२००० भित्रको अवधिमा यस भाषाको लिपि असमिया, रोमन र देवनागरी कुन चाहिँ उपयुक्त हुन्छ त्यसको छलफल बुद्धिजीवी वर्गमा भएको देखिन्छ । बोरो भाषाको सर्वमान्य लिपिको अनुसन्धान गर्दै **बोडो साहित्य सभाले** २००० मा बसेको सो सभाको ३९ औं अधिवेशनमा देवनागरी लिपि नै सर्वमान्य लिपि होस् भनी प्रस्ताव पारित गरेको पाइन्छ (गुरागाईं, २०११ : १४३) ।

### (८) मिकिर

मिकिर जाति पनि यस क्षेत्रको अर्को जाति हो । यस जातिलाई कार्वी जाति पनि भनिन्छ । वर्तमान असमको मिकिर पहाड क्षेत्रमा उत्तर कछाड, गोलाघाट, नगाउँ, दरङ जिल्लाको विश्वनाथ अरण्य भूमि क्षेत्रमा, कामरूपको दक्षिण सीमामा मिकिरहरू बसोबास गर्छन् (भट्टचार्य, १९९९ : १२०) । यिनीहरूले बोल्ने भाषाको नाम मिकिर भाषा हो (भट्टचार्य, १९९९ : १४१) । यसको शैक्षिक स्तर त्यति विकसित भएको छैन । यस भाषाको निजी छुट्टै लिपि छैन । यिनीहरूले असमिया लिपिको प्रयोग गरेको देखिन्छ ।

### (९) मिरी वा मिसिङ

मिरी जाति पनि असमको अर्को एउटा जनजाति हो । यसलाई मिसिङ जाति पनि भन्ने गरिन्छ । यो जातिको बसोबास तराइ क्षेत्रमा बढी देखिन्छ । आदिम युगमा यिनीहरू असमको उत्तर पूर्व पट्टिका पहाडहरूमा बसोबास गर्थे भन्ने जानकारी छ (भट्टचार्य, १९९९ : १५२) । मिरीहरूले आफूलाई चन्द्र र सूर्यका वंशज भनेर परिचय दिन्छन् । मिरीहरूको लिखित भाषा छैन । यिनीहरूको आफ्नो भाषा लोप भइसकेको हुनाले पूजा,

उत्सव, रीतिरिवाज र दैनिक व्यवहार चलाउन उनीहरू असमिया भाषामै आफ्नो भाव आदान प्रदान गर्छन् ।

**(१०) मिजो**

असमको कार्विआङलङ जिल्ला अन्तर्गत मिजो पहाड अवस्थित छ । यस मिजो पहाडी क्षेत्रमा बसोबास गर्ने जनजातिलाई मिजो भनिन्छ र त्यस क्षेत्रलाई मिजोराम भनिन्छ । भाषिक दृष्टिकोणले मिजोराममा ६ वटा भाषा बोलिन्छ, ती भाषा हुन् : (१) लुसाइ (२) पाङु (३) रान्टे, (४) मार (५) लाखेर (६) फानाइ ।

मिजोहरूको सर्वमान्य भाषा लुसाइ हो (भट्टचार्य, १९९ : १५२) । मिजो भाषाको छुट्टै आफ्नो प्राज्ञिक लिपि छैन । यस भाषामा रोमन लिपिको प्रयोग हुन्छ ।

**(११) राभा**

यस क्षेत्रमा पाइने अर्को जाति राभा जाति हो । यो राभा जाति बडो जातिकै एक उपजाति हो । यस जातिले बोडो भाषा नै प्रयोग गर्छन् । यस जातिका उपजातिहरू पनि छन्, ती हुन् : गारो, कछाडी, लालुङ मेस (भट्टचार्य, १९९९ : १५२) । भट्टचार्यका अनुसार मराण र सुतियाहरू पनि बडो समुदायका हुन् । पुराकालमा यिनीहरू तिब्बतबाट असम प्रवेश गरेका हुन् भन्ने भनाइ छ (भट्टचार्य, १९९९ : १७१) । ग्रियर्सनका अनुसार राभा कछाडीहरूको हिन्दु नाम हो । राभा नामले परिचित धेरै मानिसहरू वास्तवमा कछाडी नै हुन् । उनीहरू आर्य मूलका हुन् । भाषिक दृष्टिले यिनीहरूलाई तिब्बत बर्मेली भाषा समूहका असम वार्मीज शाखाभित्र समावेश गरेको पाइन्छ । राङदानी र माइटोरी यिनीहरूका उपभाषा (दोवान) हुन् । तर यिनीहरूले आफ्नो उपभाषा दोवान विर्सेको देखिन्छ । आफ्नो भाषा लोप भइसकेकाले यिनीहरूले असमिया भाषालाई नै आफ्नो दैनिक प्रयोगमा ल्याएका छन् (भट्टचार्य, १९९९ : १७१) ।

**(१२) लालुङ**

असमको अर्को एउटा जनजाति लालुङ हो । यो जाति असमको नगाउँ जिल्लामा बसोबास गर्ने जाति हो । कामरूप जिल्लाको दक्षिण पूर्वी भू-भागमा, उत्तर लखिमपुर महकुमाको पूर्व भागको तीन चार गाउँमा, तितावरको छेउमा मात्र एउटा गाउँमा अल्पसङ्ख्यक लालुङ जातिका मान्छेहरू बसोबास गर्छन् । तराइमा बस्ने लालुङहरूले आफ्नो भाषा भुलिसकेका छन्, तर पहाडमा बस्ने लालुङहरूले आफ्नो भाषा सुरक्षित राखेका छन् । तराइमा बस्ने लालुङहरूले आफ्नो भाषा विर्सेकोमा पहाडमा बस्ने लालुङहरू राम्रो मान्दैनन् ।

उपयुक्त विभिन्न जातिहरूको आफ्नै किसिमको संस्कृति, रहन सहन, चाडपर्व, भेसभूषाहरू पनि छन् । तर ती सबै जातिले आफ्नो मौलिक संस्कृति जस्ताको त्यस्तै सुरक्षित राख्न सकेका छैनन् ।

### ३.४.२ असमका नेपाली जनसमुदाय

असमका विभिन्न जाति जनजातिहरू मध्ये नेपाली पनि एक प्रमुख जाति हो । यी नेपाली जातिहरू असमको अट्ठाइस जिल्लामै बसोबास गर्छन् । यिनीहरूको आफ्नै जातीय अस्तित्व र पहिचान छ । यस भाषाले साहित्य अकादमी दिल्लीबाट मान्यता प्राप्त गरिसकेको छ । यसका साथै भारतीय संविधानको आठौं अनुसूचीमा अरू आधुनिक भारतीय भाषा सरह यसले मान्यता प्राप्त गरिसकेको छ । यहाँ असमेली नेपाली जनजीवनको चर्चा निम्नानुसारले गर्न सकिन्छ ।

(क) जनसङ्ख्या

(ख) जातजाति भाषाधर्म ।

(ग) बसोबास, क्षेत्र र पेशा ।

(घ) शैक्षिक व्यवस्था ।

(ङ) चाडपर्व र कला संस्कृति ।

(च) अन्य सामाजिक गतिविधि ।

#### ३.४.२.१ जनसङ्ख्या

असममा नेपालीहरूको जनसङ्ख्याको ठोस जानकारी प्राप्त हुन नसकेको देखिन्छ । १९७१ को जनगणनाले नेपालीहरूको संख्या ३,४९,११६ देखाएको छ (उपाध्याय, १९९४ : १) । त्यसबेला धेरै नेपालीहरूले दवावमा आएर आफ्नो मातृ भाषा असमिया देखाएको जानकारी प्राप्त छ (उपाध्याय, १९८४ : १) ।

लक्ष्मी उपाध्यायले आफ्नो विद्यावारिधि शोधप्रबन्धमा असम राज्यमा नेपालीहरूको जनसङ्ख्या ११ लाख अनुमान गर्न सकिन्छ भन्ने उल्लेख गरेको पाइन्छ (पराजुली, २०४७ : ११-१२) । २०११ को जनगणना अनुसार वर्तमान असमको नेपाली जनसङ्ख्या ५,६४,७९० भएको जानकारी प्राप्त छ (शर्मा, २०११ : १४९) । तर पनि असमका विभिन्न क्षेत्रका विद्वान्हरूसँगको सम्पर्कबाट प्राप्त जानकारी अनुसार असममा अहिले पन्ध्रदेखि पच्चीस लाखसम्म नेपाली भाषीहरू रहेको जानकारी प्राप्त छ (शर्मा, १९९७ : ५) ।

#### ३.४.२.२ जातजाति भाषा धर्मका आधारमा

असममा ब्राह्मण, क्षत्रीय लगायत प्रायः सबै जातिका नेपालीहरू रहेका छन् । विभिन्न मातृभाषा भएका मगर, गुरुङ, राई, नेवार, तामाङ, लिम्बू आदिले पनि नेपाली भाषामै बोल्ने र लेख्ने गर्दछन् । हाम्रो परम्पराअनुसार तल्लोस्तरका मानिने कामी, दमाई, सार्की आदि जातका नेपालीहरू पनि असममा प्रशस्तै पाइन्छन् । केही मात्रामा यहाँ जातीय भेदभाव पनि रहेको देखिन्छ, यद्यपि आधुनिक शिक्षादीक्षाको विस्तारसँगै जातीय भेदभाव क्रमिक रूपमा हट्दै गएको छ । यी विभिन्न जाति उपजातिहरू भए पनि सबैले एक

'नेपाली' भएर बसेकाले आजसम्म त्यहाँ नेपालीहरूको अस्तित्व रहेको देखिन्छ । धार्मिक आधारमा असममा बसोबास गर्ने धेरैजसो नेपालीहरू हिन्दु धर्म मान्ने नै देखिन्छन् । केही तामाङ, लामाहरूमा न्यून रूपमा बौद्धधर्म मान्ने नेपालीहरू पनि रहेका छन् (उपाध्याय, वि.सं. २०५८ : १९) । यसरी जातीय दृष्टिले नेपालीका प्रायः सबै वर्ण र जातका मानिसहरूको बसोबास असममा पाइन्छ ।

### ३.४.२.३ बसोबास, क्षेत्र र पेसा

असममा नेपालीहरू धेरै सङ्ख्यामा गाउँमा बस्छन् र थोरै सङ्ख्यामा सहरतिर बसोबास गरेको देखिन्छ । असममा नेपालीहरूको पृष्ठभूमि हेर्दा उनीहरू नदीको किनारमा, छपडीहरूमा बसोबास गरेको पाइन्छ । तत्कालीन अवस्थामा नेपालीहरू छपडी, टापु र नदीका किनारमा बसोबास गरे पनि आज उनीहरू सहरतिर पसिसकेका देखिन्छन् । गाउँवस्तीमा बसोबास गर्ने नेपालीहरू कृषि, उद्योग, व्यापार वाणिज्यमा पनि उत्तिकै संलग्न रहेको पाइन्छ । शिक्षाका क्षेत्रमा नेपालीहरू अरू जातिको दाँजोमा पुग्न सफल भएका छन् । शिक्षाको विकास हुन थालेदेखि नै उनीहरूले विभिन्न ठाउँमा स्कुलहरू स्थापना गरेको देखिन्छ । उच्च शिक्षा हासिल गरेका व्यक्तिहरूले विभिन्न स्कुल तथा उच्च विद्यालय र महाविद्यालयहरूमा नियुक्ति समेत पाएको देखिन्छ । असममा नेपालीहरू विभिन्न पेशामा संलग्न रहे पनि धेरैजसो शिक्षण पेशामै संलग्न रहेको पाइन्छ ।

### ३.४.२.४ चाडपर्व र कला संस्कृति

असमका नेपालीहरूले आजसम्म आफ्ना चाडपर्वहरू जोगाएर राखेको देखिन्छ । आफ्ना संस्कृतिहरूलाई संरक्षण र संबर्द्धन गर्नका निम्ति विभिन्न संघ संस्थाहरूको स्थापना भएको छ । उनीहरूले आफ्नो देश छोडे पनि कला संस्कृति, रीतिरिवाज, परम्पराहरूसँगै लिएर गएको देखिन्छ । त्यसरी नै धर्म कर्ममा, चाडपर्वमा असमका नेपालीहरू उत्तिकै संलग्न भएका पाइन्छन् । आफ्नो संस्कृति, चाडपर्व, तीज, दशैं, तिहार असममा धुमधामसँग मनाइएको पाइन्छ । उक्त चाडपर्वहरू विभिन्न साहित्यिक संस्थाहरूको आयोजनामा असमव्यापी मनाउने चलन भित्रि सकेको छ । असमका नेपालीहरूले पनि दशैंमा जमरा राख्ने, पूजा गर्ने, हाँस कुखुरा परेवा, खसी बाखा बलिदिने प्रथा पनि रहिआएकै देखिन्छ । नौदुर्गा भगवतीको पूजा गर्ने र दशैंमा टीका थाप्ने परम्परा असमका नेपालीहरूमा व्यापक रूपमा देखिँदै आएको छ । दशैंमा चामल दही र अविर हालेर रङ्ग्याएको अछेता नीधारमा टीका लगाएर कानमा जमरा सिउरिने परम्परा रहिआएको देखिन्छ । हिजो आज जमरा राख्ने चलन उठ्दै गएको पाइन्छ । जमराको साटो फूलको व्यवहार गरेको पनि पाइन्छ । तिहारमा देउसी भैलो खेल्ने चलन झन-झन व्यापक हुँदै गएको पाइन्छ । तिहारमा सेलरोटी पकाउने, भातृ द्वितीयाको दिन भाइटिका लगाउने परम्परा पनि रहिआएको पाइन्छ । यसका अतिरिक्त असार पन्ध्रमा दही चिउरा खाने, कृष्णजन्माष्टमी, शिवरात्रि, माघे सङ्क्रान्ति, जनै पूर्णीमा,

कुसे औंसी, नागपञ्चमी आदि पर्वहरू पनि मनाउँदै आएको पाइन्छ । यी पर्वहरूमा विधि अनुसार पूजा गरेको पनि देख्न पाइन्छ । यस अतिरिक्त विभिन्न जयन्तीहरू जस्तै : भानु जयन्ती, मोती जयन्ती, देवकोटा जयन्ती, कटुवाल जयन्तीहरू चाडवाडका रूपमा मनाइन्छन् । "विवाहमा माहुर लगाउने, पञ्चेबाजा, नौमति बाजा बजाउने, रत्यौली खेल्ने, संगिनी खेल्ने आदि परम्परा चलका देखिन्छन्" (उपाध्याय, २०५८ : १९) । धर्म संस्कार वा कर्मकाण्डका क्षेत्रमा मर्दापर्दा ब्राह्मण-पुरोहित लगाउने चलन रहिआएको देखिन्छ । मानिस मर्दा बाह्र दिनसम्म कोरो ढिकुरो गरेर नून तेल नखाई तेह्र दिनका दिन सुद्धाइ गर्ने परम्परा अझसम्म चलिआएको देखिन्छ ।

### ३.४.२.५ भेषभूषा

नेपालीहरू भेषभूषामा पनि उत्तिकै सजग देखिन्छन् । विवाह गरेका महिलाहरूले साडी चोला लगाउँछन् । पुरुषहरूले चाहिँ दौरा सुरुवाल छोडेर पेन्ट सर्ट नै लगाउने गरेको पाइन्छ । सभाहरूमा पुरुषहरूले नेपाली ढाका टोपी लगाएको देखिन्छ । महिलाहरूले विभिन्न पूजा उत्सवमा झुत्तो पोते लगाएको देखिन्छ । यसै क्रममा सङ्गीत नृत्य कला क्षेत्रमा परिधान गर्ने भेसभूषाहरूमा नौगेडी, तिलहरी, शिरफूल, जुनविरी, कण्ठ, कानढुङ्ग्री आदिको व्यवहार गरेको पाइन्छ ।

### ३.४.२.६ अन्य सामाजिक गतिविधि

असमका नेपालीहरूले आफ्नो अस्तित्वका निम्ति असममा प्रारम्भिक अवस्थादेखि नै सङ्घर्ष गर्दै आएको देखिन्छ । १९४१ मा दरङ्ग जिल्ला (हाल शोणितपुर) को बिहाली हाइस्कुल स्थापना गर्दा समाजसेवी, स्वतन्त्रता सेनानी, असमेली नेपाली छविलाल उपाध्यायले ठूलो योगदान दिएको देखिन्छ (उपाध्याय, २०२८ : २४) । शोणितपुर जिल्ला अन्तर्गत तेजपुर स्थित दरङ्ग कलेजको स्थापनामा प्रभुराम कार्कीले १९५० मा रू. ५०००/- रकम दान दिएको देखिन्छ । यसका साथै १९४७ मा रङ्गाचकुवा चिकित्सालय निर्माणका निम्ति रू. ३०००/- र रङ्गाचकुवा हाइस्कुल स्थापनाका निम्ति ठूलो योगदान पुऱ्याएको थाहा लाग्छ (शर्मा, १९९५ : १६-१७) । यसबाट के देखिन्छ भने नेपालीहरू सामाजिक विकासमा विभिन्न पक्षमा सक्रिय रहँदै आएका छन् ।

असमको राजनीतिमा पनि नेपालीहरूको योगदान महत्त्वपूर्ण छ । स्वतन्त्रता सङ्ग्रामदेखि लिएर वर्तमान राजनैतिक स्थितिसम्म धेरै नेपालीहरूले अवदान दिएको देखिन्छ । भारत स्वाधीनता आन्दोलनमा असमका स्वतन्त्र सेनानीहरूमा छविलाल उपाध्याय नेपालीहरूका अग्रणीका रूपमा देखिन्छन् । उनका साथै असमबाट भारत स्वतन्त्र आन्दोलनमा भाग लिने स्वतन्त्र सेनानीहरूमा रामलाल उपाध्याय, हरिप्रसाद उपाध्याय, टीकाराम उपाध्याय, वृहस्पति उपाध्याय, भीष्मप्रसाद उपाध्याय, हरिप्रसाद उपाध्याय

(रामबाबु), रामलाल उपाध्याय, भीमलाल शर्मा, भक्तबहादुर प्रधान, विष्णुलाल उपाध्याय, बलभद्र क्षेत्री, पदमप्रसाद ढुङ्गेल, नित्यानन्द तिम्सिना, धर्मानन्द उपाध्याय, देवीप्रसाद शर्मा, दलवीरसिंह लोहार, जयनारायण उपाध्याय नेपाल, चन्द्रकुमार शर्मा, कुमुदचन्द्र शर्मा, सक्रिय भएर काम गरेको देखिन्छ ।

इ. १९२१ मा छविलाल उपाध्याय आसाम एसोसिएसन् (पछिको आसाम प्रादेशिक कंग्रेस कमिटी) जस्तो राजनैतिक संगठनको सभापति बनेका थिए । त्यस्तै बीस वर्षको लामो अवधिसम्म असम विधानसभाका सदस्य (विधायक) भएर विष्णुलाल उपाध्यायले असमको राजनैतिक इतिहासमा नेपालीहरूका तर्फबाट ठूलो योगदान दिएको देखिन्छ । पछि असम विधानसभा तथा संसदमा समेत असमबाट धेरै नेपालीहरूले प्रतिनिधित्व गरेका छन् । पद्मबहादुर चौहान, कुलबहादुर क्षेत्री, मणिकुमार सुब्बा, स्वरूप उपाध्याय, रुद्र पराजुली, टंकबहादुर राई आदि यस क्षेत्रका अरू विधायक र संसदहरू हुन् । बहुदल शासन व्यवस्थामा धेरै पार्टीहरू रहने प्रावधान अनुसार असमेली नेपालीहरू पनि विभिन्न राजनैतिक दलमा सक्रिय देखिन्छन् । तर उनीहरूको छुट्टै राजनैतिक पार्टी भने आजसम्म देखिएको छैन । असममा नेपालीका जाति, साहित्यिक वा सांस्कृतिक सङ्गठनहरू धेरै छन्, तर राजनैतिक रूपमा उनीहरू स्थानीय वा सर्वभारतीय पार्टीका समर्थक देखिन्छन् (उपाध्याय, २०५८ : २०) ।

## ३.५ उत्तर पूर्वीय भारतमा नेपाली जातिको प्रवेश

भारतको सुदुरपूर्वाञ्चलमा पर्ने अघिको पुरानो असम टुक्रिएर आज सातवटा राज्यमा परिणत भएको छ । भारतको त्यो वृहत् असममा नेपालीहरूको प्रवेश भारत वर्षभित्रमै सबैभन्दा बढी सङ्ख्यामा देखिन आउँछ (क्षत्री, २००३ : १) । भारतको त्यो वृहत् भूमिमा नेपालीहरूको प्रवेश कहिले र कसरी भयो भन्ने कुराको खोज अन्वेषण गर्नु पनि आवश्यक भएको हुँदा केही तथ्यहरू निम्नानुसारले प्रस्तुत गरिएको छ :

### ३.५.१ ऐतिहासिक कारण

प्राचीन कालमा वर्तमान असमलाई प्रागज्योतिषपुर भन्ने गरिन्थ्यो । आहोमहरूको राज्यकाल अघि यसलाई कामरूप र त्यसभन्दा अघिको प्रागऐतिहासिक कालमा यसलाई प्रागज्योतिषपुर भनिन्थ्यो । प्राचीनकालमा नरकासुर जनकपुरका विदेह राजा जनकका पोष्यपुत्र थिए । प्राचीन किम्बदन्ती अनुसार प्रागज्योतिषपुरका तत्कालीन राजा घटकासुरको बध गरेर नरकासुर राजा भएका थिए । नरकासुरको जन्मस्थान बराहतीर्थ वर्तमान नेपालको सुनसरी जिल्ला पर्दछ भनिएको छ (अली, १९८१ : ११९) । प्रागज्योतिषपुरका राजा नरकासुरले पछि आफ्नो राज्यकालमा कामाख्या मन्दिरको स्थापना गरी मन्दिरको दैनिक पूजाका निम्ति नेपाली पण्डा नियुक्ति गरेका थिए (नाथ, १९६६ : १२३) । कामरूपकी कामाख्यादेवी आज पनि नेपालीहरूकी आराध्य र पूजनीय रहँदै आएकी छन् । नेपालबाट

आज पनि कामाख्या दर्शन गर्न आउने चलन छ । नेपालका लिच्छवी कालीन राजा मानदेवले कामाख्या दर्शन गर्न गई कामाक्षा मन्दिरमा नेपाली पुजारी राखेर आएको कुरा नेपाल वंशावलीमा उल्लेख गरिएको छ (ढुङ्गेल, १९२३ : १३) । आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाह, प्रधानमन्त्री भीमसेन थापा र अलिपछि जङ्गबहादुर राणाले समेत कामाक्षाका पुजारीलाई नेपाल सरकारको तर्फबाट नियुक्ति गरिएको पण्डाको औपचारिक रूपमा लालमोहर पत्र प्रदान गरेका थिए (ढुङ्गेल, १९२३ : १४) ।

नरकासुर र वाण राजाको राज्यकाल भन्दा धेरैपछि इशाको चौथो शताब्दीमा पुष्य वर्मनले नेपालबाट आफ्ना सेना सहित युद्ध अभियानको क्रममा कोश विहार दखल गर्दै आफ्नो साम्राज्य विस्तार गर्न कामरूप पुगेका थिए । त्यहाँ कुनै सवल राजा नभएकाले उनैले वर्मण वंशको स्थापना गरी आफ्नो साम्राज्य विस्तार गरेको कुरा नेपालको इतिहासमा वर्णन गरिएको छ (ढुङ्गेल, १९२३ : १३) । नेपालका लेखक तथा अन्वेषक धरणीधर दाहालले नेपालका लिच्छिवी वंशका राजाहरूको राज्यकालको कुरा गर्दा पुण्य वर्माका विषयमा यसरी लेखेका छन् :

> नेपालमा अंशु वर्मापछि मान वर्माले १० वर्ष, कृष्ण वर्माले १८ वर्ष एवं नरेन्द्र देवले ३३ वर्ष राज्य गरे । यिनै नरेन्द्रदेवले शिवदेवका पालादेखि तिब्बतको उपनिवेश भएको नेपालका केही भू-भागलाई स्वतन्त्र नेपालमा मिलाए । त्यसपछि ७६ वर्षका बृद्ध कृष्ण वर्मालाई तिब्बतीहरूका सहयोगले नेपालबाट हटाउन सफल भए । यसरी नेपालबाट खेदिएका कृष्ण वर्माले आफ्ना सहयोगी सेना र पुत्र पुण्य वर्मा सहित पूर्व करतोया (टिष्टा) नदी पार गरी कोशबिहार दखल गरे । उनका छोरा पुण्य वर्माले इशाको चौथो शताब्दीको दोस्रो चौथाइतिर आसामको कामरूप पुगि आफ्नो साम्राज्य जमाएका थिए । यस समयलाई भारतीय इतिहासका आधारमा समुद्र गुप्तको काल भनिन्छ । यिनी वर्मा साम्राज्यको प्रथम राजा थिए (दाहाल, २०३८ : ५५) ।

पुण्य वर्माले ३७० देखि ३९० सम्म कामरूपमा शासन गरेका थिए । पुण्य वर्मा कामरूपका अन्तिम राजा भाष्कर वर्माका पूर्वज थिए । पुण्य वर्मा नेपालबाट आफ्नो राज्य विस्तार गर्न कामरूप आउँदा धेरै नेपाली मानिसहरू साथमा लिएर आएका थिए । वर्मन वंशीय राजाहरूले कामरूपमा ३०० वर्ष राज्य सञ्चालन गरेको पाइन्छ (शर्मा, २००८ : ४६) ।

इतिहासविद् लक्खेश्वर हाजरिकाले कामरूप नेपाल सम्पर्कबारे यसो भनेका छन् :

> नेपालको किरात युगबाट लिच्छवी, ठकुरी, मल्ल र शाह शासन कालसम्म अर्थात् भारतको इतिहासमा गौतम बुद्धको समयबाटै नेपाल र भारतबिच दर्विलो संस्कृति आदान प्रदान रहिआएकाले नै युग युगान्तसम्म नेपालीहरूलाई भारतले आकर्षित पाऱ्यो । नेपाली जनसमूहहरूले असममा आएर एउटा परिश्रमी र सरल जीवनका माध्यमले आफ्नो इतिहासको रचना गरेको देखिन्छ (हाजरिका, १९७९ : ३) ।

इशाको छैठौं शताब्दीसम्ममा नेपालबाट नेपालीहरूको ठूलो सङ्ख्यामा कामरूपमा आवागमन रहेको तथ्य फेला पर्छ (शर्मा, २००८ : ४६) । यस सम्बन्धमा अध्येता

इतिहासकारले दिएको सूचना अनुसार छैठौं शताब्दीसम्म आजको नेपालका केही भू-भाग कामरूप राज्यभित्र पर्दथे । हिजोआजको कमतापुर, भ्रापाको सबै भू-भाग, डुवर्स, माटिगडा, ठाकुरगञ्ज आदि भू-भागहरू कामरूपको अधीनमा थियो भन्ने कुरा प्रमाणित हुन्छ (अली, १९८१ : ११९) । त्यसरी नै असमका राजा भाष्कर वर्मनको निधनपुरमा उपलब्ध भएको ताम्रपत्र (फलि) अनुसार उनका पूर्वज भूति र महाभूति वर्मनले छैठौं शताब्दीमा कौशिक अर्थात् आजको कोशी नदी निकटको भू-भाग २०५ जना ब्राह्मणहरूलाई दान गरेका थिए भन्ने तथ्य उपलब्ध छ (अली, १९८१ : ११५) । कोशी नदीलाई प्राचीन कालमा कौशिकी भन्ने गरिन्थ्यो (अली, १९८१ : ११५) । वर्तमान नेपालको सप्तरी र सुन्सरीको बिचमा रहेको उत्तरबाट दक्षिणतिर बग्ने नदीलाई इतिहासविद् कनक बरुवाले पनि अतीतको कौशिकी नदी नै वर्तमान कोशी नदी हो भनेर किटान गरेका छन् (बरुवा, १९१३ : ८१) । यसै सन्दर्भमा “प्राचीन कामरूप, भारत नेपाल, सम्पर्कको खोजि” भन्ने निबन्धमा प्रफुल्ल मेधीका अनुसार : छैठौं शताब्दीमा पूर्व नेपालको एउटा वृहत् भू-भाग कामरूप राज्य अन्तर्गत थियो, यसर्थ त्यस भू-भागमा बसोबास गर्ने नेपालीहरू कामरूपकै जनता मानिन्थे (मेधी, २००७ : ४४) ।

इ. सोह्रौं शताब्दीमा असमका राजा विश्वसिंहले नेपालकी राजकुमारी राजा रत्न मल्लकी छोरी रत्नकान्तीसँग विवाह गरी कोचविहारमा शासन गरेको कुरा इतिहासमा वर्णन गरिएको छ (जैसी, १९९० : ३३) । असमका राजा नरनारायण मल्लदेव र शिलाराय यिनै विश्वसिंहका पुत्र थिए (जैसी, १९९० : ३३) भन्ने तथ्य आज पनि पुष्टि हुन्छ । विश्वसिंहका जेठा छोराको नाम मल्लदेव थियो । विश्वसिंहले आफ्नो जेठा छोराको नाम आफ्नै ससुरालीको स्मरणमा मल्लदेवसिंह राखेका थिए भन्ने भनाइ छ । विश्वसिंहले आफ्नो राज्यकालमा धेरै नेपाली मूलका नागरिकहरूलाई आफ्ना राज्यमा विभिन्न काममा नियुक्ति गरेका थिए, जसमा सैनिक, गृह निर्माणमा काम गर्ने, बाटो पुल-पुलेसीहरूको निर्माण गर्ने कालिगढको रूपमा लिएको कुरा अभिलेखमा प्राप्त छ (जैसी, १९९० : ३३) ।

उपर्युक्त अध्ययनकै सन्दर्भमा आठौं शताब्दीमा नेपाल नरेश जयदेव मल्ल र कामरूपका राजा हर्षदेवकी पुत्री राज्यमतीको प्रणय सम्बन्धले कामरूप र नेपालका बिचमा वैवाहिक सम्बन्ध कायम गरेको पुष्टि हुन्छ (क्षत्री, २००० : १) । यही समयमै प्रताप मल्ल तथा कोच राजकन्या रूपमतीका बिचमा पनि वैवाहिक सम्बन्ध कायम भएको (क्षत्री, २००० : १) कुरा अभिलेखहरूमा प्राप्त छ ।

तेह्रौं शताब्दी पछि आहोम राजाका पालामा पनि असम र नेपालबिच सम्बन्ध कायम थियो । यिनै आहोमहरूकै पालामा नेपालबाट आमन्त्रण गरिएका केही पण्डित र ज्योतिर्विदहरूलाई बसोबासका निम्ति भूमिदान गरी आवासको प्रबन्ध मिलाइएको थियो । कालक्रममा गएर यिनीहरूका सन्ततिहरू असमिया समाजसँग एकाकार भएका छन् । त्यही

समयदेखि यस क्षेत्रमा बसोबास गर्दै आएका नेपालीहरू आज वृहत् असमिया संस्कृतिसँग मिसिएर एकाकार बनेका छन् (मेधी, २००७ : ४४) ।

उपर्युक्त सन्दर्भमा १४४९ देखि १५६८ भित्रमा असममा वैष्णव धर्मका प्रचारक श्रीमन्त शंकरदेवका पालामा धेरै नेपालीहरू उनका चेला थिए (शर्मा, २०११ : १४९) । असममा श्रीमन्त शंकरदेवले प्रवर्तन गरेको महापुरुषीय वैष्णव धर्मका मुख्य गुरु गोपाल देवका शिष्य मथमरा नेपालकै नागरिक थिए, उनी वैष्णव धर्म प्रचारका मुख्य गुरु थिए । यसका साथै वैष्णव धर्मकै आद्य गुरु अनिरुद्ध देवका पूर्वपुरुष पनि नेपालबाट त्यस ठाउँमा आएका थिए (दास, २००७ : ६२-६८) ।

नेपाल, तिब्बत, चिन, भारत यी चारदेशहरू बिच धार्मिक तथा सांस्कृतिक सम्बन्ध आदिकालदेखि नै धेरै घनिष्ठ रहेको देखिन्छ । कामरूपबाट नेपाल आएका राहुल नाम गरेका एकजना बौद्धभिक्षुको कुरा तिब्बतको इतिहासमा उल्लेख गरेको पाइन्छ (उपाध्याय, १९८४ : २) ।

प्राचीन कालदेखि नै प्रागज्योतिषपुर ज्योतिष विद्या, गणित विद्या र तन्त्रमन्त्रमा अग्रणी थियो । असमका पुराना कवि शुभ शंकरले लेखेको **हस्त मुक्तावली** र **नृत्त कला** नेपालको (दरवार) पुस्तकालयमा प्राप्त भएको जानकारी प्राप्त छ (उपाध्याय, १९८४ : ५-२) ।

उपर्युक्त चर्चा अनुसार प्राचीन कालदेखि नै नेपालको सम्बन्ध यस क्षेत्रसँग घनिष्ठ रहेको कुरा प्राप्त हुन्छ । यस क्षेत्रमा किरात जातका मान्छेहरूको बसोबास प्राचीन कालदेखि नै पाइन्छ । यस विषयमा अध्येता बरगोहाइँका अनुसार असमका कोश मेश मङ्गोलीय मूलका भएको र नेपाली जनसमूहमा पनि मङ्गोलीय जनसमूहका मानिस राई, लिम्बू, मगर, तामाङ, कोचे, मेचे, थारू, धिमाल आदि जाति समूह रहेकाले यिनीहरू एउटै समूहका मानिस हुन् भनेर उल्लेख गरेको पाइन्छ (बरगोहाइँ, १९७३ : ३९९) । बरगोहाइँले आफ्नो **असमर सांस्कृतिक इतिहास** नामक पुस्तकमा वखतियार उद्दिन खिलजियाको तिब्बत विजय गर्ने युद्ध असफल भएका समयमा कामरूपको पश्चिम सिमानामा कोचे, मेचे र थारू नाम गरेका जनजातिहरूको बसोबास थियो भन्ने कुरा उल्लेख गरेका छन् (बरगोहाइँ, १९७३ : ३९९) । असमका बडोहरू पनि माथि उल्लेख भएका मूलकै जाति हुन् । ऐतिहासिक र भौगोलिक कारणले गर्दा यी मङ्गोलीय मूलका कोचे, मेचे, धिमाल र मङ्गोलीयहरूको वंशस्रोतसँग सान्निध्य रहेका कारणले यिनीहरू यस भू-भागमा लगभग एकै समयमा प्रवेश गरेका हुन् (जैसी, १९९० : ३५) ।

नवौंदेखि एघारौं शताब्दीको बिचमा तत्कालीन कामरूप र नेपालको सम्पर्क घनिष्ठ बनिसकेको देखिन्छ । कामरूप र नेपालका जनसाधारण महन्तहरूको आवागमनको कुरा मच्छिन्द्र नाथको वंशावली, योगिनी तन्त्र र समुद्र गुप्तको अभिलेखमा वर्णन गरिएको छ (ढुङ्गेल, १९२३ : ११) ।

योगिनी तन्त्रमा कामरूपको सीमाको वर्णन यसरी गरिएको छ :

> नेपालको कंकन नामको पहाडको फेदीमा ब्रह्मपुत्रको संगम भएको छ । पश्चिमको करतोया नदीदेखि प्रारम्भ गरेर पूर्व सीमामा पर्ने दिक्कर (दिगारु) नाम गरेको नदी छ । उत्तरपट्टि कुञ्जगिरी पहाड छ । पूर्वमा गिरिकञ्चक पहाडका मुन्तिर बगेको दिकसु नदी तीर्थहरूमा श्रेष्ठ मानिएको छ । दक्षिण सीमातर्फ लक्ष्य गरेर बगेको ब्रह्मपुत्र नदीको संगम नै यसको सीमा हो । कामरूप नामले प्रसिद्ध भएको त्यस भित्रको स्थान सर्वशास्त्रहरूमा निश्चित गरिएको छ (ढुङ्गेल, १९२३ : ११) ।[१]

मछिन्द्रनाथ नेपाल र कामरूपका आराध्यदेव हुन् । कामरूपका यी तान्त्रिक गुरु धेरै वर्ष नेपालमा बसेको कुरा किम्बदन्तिमा उल्लेख छ । मछिन्द्रनाथको यो लामो बसाइबाट कामरूपमा जस्तै नेपालमा पनि मच्छेन्द्रनाथको प्रभाव विस्तार भएको कुरा उल्लेख छ । नेपालमा भएको मच्छेन्द्रनाथको मन्दिर यसको प्रमाण हो । यसरी असम र नेपाल बिच प्राचीन कालदेखि घनिष्ठ सम्बन्ध रहेको देखिन्छ । गुरु मच्छिन्द्रनाथ र शिष्य गोरखनाथको कामरूप नेपाल आवागमनका क्रममा गुरुसँग अन्य चेलाहरूको पनि आवत-जावत गर्ने क्रम बढेको थियो । यसै आवागमनका कारणले नेपालीहरूको कामरूपमा आउने सुअवसर मिलेको कुरा पुष्टि हुन्छ । वर्तमान असमका नाथहरू यिनै मच्छिन्द्रनाथ र गोरखनाथका अनुयायी हुन् भन्ने कुराको पुष्टि हुन्छ (शर्मा, २००८ : ३९) । यसरी मच्छिन्द्रनाथ नेपालमा रहँदा गोरखनाथलाई चेलो बनाएको कुरा पनि यस अध्ययनबाट पुष्टि हुन्छ ।

पुण्य वर्माका पालामा र मच्छेन्द्रनाथका पालामा प्रवेश गरेका नेपालीहरूको परिचय आज असममा उपलब्ध छैन । अतीतका तिनै सबै जाति मिलेर वृहत् असमिया खिलञ्जिया समाजको सृष्टि भएको छ । त्यसबेला कामरूपमा प्रवेश गरेका नेपाली मूलका मानिसहरू त्यही समाजका एउटा अङ्ग हुन पुगेको कुरा उल्लेख छ (शर्मा, २००८ : ४७) ।

अतीत कालमा नेपालबाट कामरूप आएका र अघिदेखि कामरूपमै रहेका स्थायी जातिहरूको सम्मिलनबाट वृहत् असमिया खिलञ्जिया जातिको सृष्टि भएको छ (शर्मा, २००८ : ४७) । यी तथ्यहरूबाट नेपालीहरू प्राचीन कालदेखि नै असम भूमिमा रहँदै आएका हुन् । वर्तमान असम प्रान्त बन्नु भन्दा पहिले नै पौराणिक कालदेखि नेपालीहरू यस भूमिमा बसोबास गर्दै आएका हुन् ।

---

[१] नेपालस्य कंकनाद्रिम् ब्रह्मपुत्रस्य संगमम्
करतोया समारम्भ्य यावत् दिक्कर भासिनम्
उत्तरांस कुञ्जगिरि करतोष्यतु पश्चिमे
तीर्थ श्रेष्ठ दिक सुनदीम पूर्वष्य गिरिकन्यके
दक्षिणे ब्रह्मपुत्रस्य लक्षावहः संगमावधि
कामरूप इति ख्यात सर्वशास्त्रेषु निश्चित

### ३.५.२ राजनैतिक कारण

इ. १८१६ को सुगौली सन्धि पछि नेपालीहरू असम प्रवेश गर्नुपर्ने कारणहरू मध्ये एउटा राजनैतिक कारण हो । इष्टइण्डिया र नेपालको इष्टइण्डियासँग युद्ध हुनु भन्दा अघि नेपालको पूर्वीसाँध (सीमा) टिष्टासम्म पुगेको देखिन्छ । इशाको उन्नाइसौं शताब्दीको नवौं दशकतिर भारतमा शासन गर्ने इष्टइण्डिया कम्पनीले आफ्नो क्षेत्र विस्तार गर्ने क्रममा नेपालको पूर्वी तथा पश्चिम भाग कब्जा गर्ने उद्देश्यले पश्चिममा नालापानी, मलाउ, देउचल र अल्मोडा आदि र पूर्वमा दार्जीलिङदेखि खरसाङसम्मको भू-भागलाई आफ्नो कब्जामा लिएको देखिन्छ ।

नेपालीहरूले युद्ध हारेपछि अङ्ग्रेजको हातमा धेरै नेपाली सैनिकहरू बन्दी भए । नेपालीहरूको वीरताले अङ्ग्रेजको मनमा प्रशंसनीय छाप छोडेको थियो । त्यसैले उनीहरूले आफ्नो सुरक्षाको निम्ति नेपालीहरूलाई आफ्नो फौजमा सामिल गरे । त्यस पश्चात् नेपाली फौजलाई मलाउ बटालियन, सिरमुट बटालियन, नसिरि बटालियन र कुमाउ बटालियन गरी चारभागमा विभाजन गरेर काममा खटाएको देखिन्छ (जैसी, १९९० : २२) ।

भारत वर्षमा पहिलेदेखि नै विभिन्न ठाउँमा बसोबास गर्दै आएका नेपालीहरू सुगौली सन्धिपछि त्यहीँका आदिवासीसरह बस्न लागे । सुगौली सन्धिको मूल उपलब्धि के हो भने सन्धिपूर्वका समयमा भारतीय भू-भागमा बसोबास गरेका नेपालीहरू त्यहाँका बासिन्दा सरह बसोबास गरेको स्थितिले अघिदेखि नै भारतमा बसोबास गर्दै आएका नेपालीहरूको नयाँ इतिहास आरम्भ भएको कुरा प्रष्ट हुन्छ ।

यसै सिलसिलामा भारत वर्षको पूर्वप्रान्त वृहत् र असमको कछाडको सीमा सुरक्षाका निम्ति शीलहट लाइट इन्फ्रेन्ट्रि र मानहरूका आक्रमणलाई प्रतिरक्षा गर्ने उद्देश्यले १८२४ को १९ फेब्रुवरिमा आठौं गोर्खा राइफल्सको गठन गरेको देखिन्छ (जैसी, १९९० : २२) । १८२४ मा आजको बङ्गलादेशको सिट्राङ तिरबाट डेभिट स्कट साहावको नेतृत्वमा सिलहट लाइट इनफ्रेन्ट्री दल पैदल आएर असमको चेरापुञ्जी भन्ने ठाउँमा सिविर हालेर बसे । यो कुरा चालपाएर त्यस समयका राजा चन्द्रकान्त सिंहले मानहरूको आक्रमणबाट असमलाई बचाउन अनुरोध गर्दै आठौं गोर्खाका कमाण्डर स्कट साहाव समक्ष दूत पठाए । यही अवसरमा स्कट साहवले तुरुन्तै गोर्खा फौज लिएर आए । गोर्खा फौज र मानहरूको बिचमा भएको युद्धमा मानहरू पराजित भए । यसरी पहिलो पल्टको युद्धमा गोर्खा सेनाहरू असमबाट मानहरूलाई भगाएर असमलाई सुरक्षित राख्न सफल भएका थिए ।

आज भारतका विभिन्न प्रान्तमा छरिएर बसेका नेपालीहरू मध्ये कतिपय तिनै मान खेदाउन नियुक्ति गराइएका सैनिकहरूका सन्तान हुन् । असम, मेघालय, मणिपुर, त्रिपुरा, अरुणाञ्चल प्रदेश, नागाल्याण्ड आदि राज्यहरूमा विस्तार भएका नेपालीहरू यिनै गोर्खा

फौजका सन्तति हुन् भने अर्कातिर नरकासुरले कामाख्या मन्दिर निर्माण गरेपश्चात् नेपालबाट ल्याइएका अघिदेखि असाममा बसोबास गर्दै आएका नेपालीहरूका सन्तति हुन् । त्यसरी नै कुमाउ, गढवाल, मलाउ, देउथल अल्मोडा आदि स्थानमा बसोबास गर्ने नेपालीमूल जातिका पनि सन्तान हुन् । यी विभिन्न राजनैतिक कारणले नेपालीहरू भारतका विभिन्न भू-भागमा छरिएर बस्न पुगे । आजका वृहत् भारतका विभिन्न भू-भागमा छरिएर बसेका भारतीय नेपालीहरू आजको राजनैतिक अधिकारबाट पनि सम्पन्न बनेका छन् ।

### ३.५.३ आर्थिक कारण

आसाम भू-भागमा नेपालीहरू पर्याप्त रूपमा बसोबास गरेका छन् । यसरी बसोबास गर्नुका कारण मध्ये एउटा आर्थिक कारण पनि हो । आर्थिक दृष्टिले विपन्न भएका कारण रोजगारको खोजीका निम्ति विभिन्न कालखण्डमा नेपाल भित्रबाट नेपालीहरू असमतिर प्रवेश गरेका हुन् । नेपालका तुलनामा रोजगारीका विभिन्न अवसरहरू सुलभ भएका कारण विभिन्न कालखण्डमा नेपालीहरू असम क्षेत्रमा प्रवेश गरेको पाइन्छ ।

उत्तर पूर्वाञ्चल भारतको सुगौलीसन्धि भएपछिको समयमा त्यहाँको सुरक्षित शासन व्यवस्था, उर्वर कृषिभूमि, पशुपालन व्यवस्थाको सुविधा, सरकारी उद्योग व्यवस्थाका साथै आफ्नो आजीविकाको स्वतन्त्र निर्णय गर्न सक्ने अवस्था समेत भएका कारण धेरै नेपालीहरू यस क्षेत्रमा प्रवेश गरेका हुन् ।

१८५० मा जङ्गबहादुरको बेलायत यात्रापछि गोर्खा सैनिक नियुक्तिमा भएका बाधाहरू सबै हटाएपछि व्यापक रूपमा सेनामा भर्तीको क्रम चलेको मानिन्छ (थापा, २००८ : २९) । १८५७ मा भारतको सिपाही विद्रोह दमन गर्न ९००० सेना नेपालका तत्कालीन राणा प्रधानमन्त्री जङ्गबहादुरको निर्देशनमा भारत पठाइएको थियो । यसपछिको समयमा जङ्गबहादुरकै प्रेरणामा गोर्खा युवाहरूलाई भारत पठाइएको थियो, जसले गर्दा नेपालको प्रत्येक गाउँबाट भारतीय सेनामा नेपाली युवकहरू भर्ना हुन पुगेका थिए (थापा, २००८ : २९) ।

इ. १८८८, २९ जुनमा तत्कालीन नेपालका प्रधानमन्त्री चन्द्रशमशेर राणाले वृटिस भारत सरकारलाई पत्र प्रेषण गरेर सेना भर्तीका लागि अनुमति प्रदान गरेको देखिन्छ (बास्कोटा, २००८ : २८) । प्रथम विश्वयुद्धमा २००००० गोर्खे युवा सेनाले वृटिस भारतका सेनामा भर्ना भई २०,००० सेना युद्धकै क्रममा मारिएका थिए । त्यसरी नै दोस्रो विश्वयुद्धमा पनि नेपालका प्रधानमन्त्री चन्द्रशमशेर राणाले १,१०,००० गोर्खा युवक भारतमा पठाएका थिए भन्ने जानकारी प्राप्त छ (थापा, २००८ : ३) । प्रथम विश्वयुद्ध तथा दोस्रो विश्वयुद्धका क्रममा जम्मा ४५,००० गोर्खा सैनिकहरू मारिएका थिए (थापा, २००८ : ३) ।

इ. १८६१ मा केवल गोर्खाहरूलाई लिएर १० वटा गोर्खा रेजिमेन्ट गठन गरिएको थियो र नेपाली खुकुरीलाई भारत सरकारले १८६५ मा गोर्खा सेनाले लगाउने टोपीमा गोर्खाको चिह्नस्वरूप प्रतीकका रूपमा लगाउन पाउने अनुमति प्रदान गरेको थियो (थापा, २००८ : ३१) । पछि गएर भारत सरकारले अरू एउटा गोर्खा रेजिमेन्ट थपेर ११ वटा रेजिमेन्ट बनाएर भारतभरि यसको विस्तार गऱ्यो ।

१९४७ मा भारत स्वाधीन भएपछि वृटिस शासकले दोस्रो, छैठौं, सातौं र दशौं समेत चारवटा गोर्खा रेजिमेन्ट वृटिसहरूले आफ्नै देश इङ्लेण्ड लगेको पाइन्छ र बाँकी ७ वटा गोर्खा रेजिमेन्ट भने भारतकै अधीनमा रहेको देखिन्छ । समग्रमा ७५ हजार गोर्खा सैनिक मध्ये ५,००० लाई आफूसँगै लगे र बाँकी ७०,००० हजार गोर्खा सैनिक भारत सरकारको नियन्त्रणमा रहेका हुन् । भारत सरकारले १८१६ को सुगौली सन्धि पुनः संशोधन गरेर १९५० मा ट्रिटी अफ रिच एन्ड फ्रेन्डसिप नाम गरेको अर्को एउटा सन्धिमा हस्ताक्षर गऱ्यो । यस सन्धिले स्वाधीनपूर्व जस्तै नेपालका गोर्खा जवान भारतका कुनै पनि ठाउँमा प्रवेश गरेर बस्न पाउने र सेनामा भर्ती हुन पाउने भन्ने अधिकारलाई सुरक्षित राख्ने निर्णय गरे (थापा, २००८ : ३१) ।

उक्त कारणले गर्दा भारतको विभिन्न प्रान्तका साथै धेरैजसो नेपाली मूलका जनता असम पसेर आफ्नो जीविकोपार्जनमा लागेको देखिन्छ । मुख्य रूपमा आर्थिक कारणले नेपालीहरू सेनामा प्रवेश गरेका हुन् ।

### ३.५.३.१ फौजी सेवा

भारतका विभिन्न ठाउँमा आफ्नो प्रभुत्व कायम राखेपछि इष्टइण्डिया कम्पनीले असममा पनि आफ्नो शासनसत्ता कायम गरेको देखिन्छ । गोर्खा रेजिमेन्टमा रहेका गोर्खा सेनाहरू पनि इष्टइण्डिया कम्पनीसँगै असममा प्रवेश गरेका हुन् । गुवाहाटी विश्वविद्यालयका इतिहासका ज्ञाता एन.एच. आचार्यका अनुसार कर्णेल एल.डब्लु. शेक्सपियरको पुस्तक हिस्ट्री अफ द असम राइफल्समा यसरी उल्लेख गरिएको छ : "कर्नल सेक्सपियरले आफ्नो उक्त पुस्तकमा असमा राइफल्सका जवानले गरेका सर्वेक्षणका काम रेललाइन बनाउने, बाटाघाटा बनाउने, चिया उद्योगको उन्नतिमा लाग्ने जस्ता कामहरू हुनाले असमको अर्थनैतिक उन्नतिमा सहयोग भयो । १९८२ मा चेरापुञ्जीबाट शिलङ हुँदै २० मील टाढा नकलोतिर जानेबाटो बनाउने काममा गोर्खाहरू नै तैनाथ थिए (जैसी, १९९४ : ५१) । १८३३ मा मिलिटरी पुलिसका तीन बटालियन असमका विभिन्न ठाउँमा तैनाथ गराइएको थियो । पूर्वाञ्चलका निम्ति ६६ बङ्गाल इन्फ्रेन्ट्रि उभ्याइएको थियो, १८५० मा यसलाई फर्स्ट गोर्खा रेजिमेन्ट भनेर नामकरण गरियो, १८६१ मा पुनः यसैलाई सेकेन्ड गोर्खा रेजिमेन्ट भनेर नाम परिवर्तन गरियो (जैसी, १९९४ : ५५) ।

इ. १८२८ मा गोर्खा बटालियनलाई असमको नागरिक प्रशासन सुधार गर्न पठाइएको थियो, पछि त्यस बटालियनको नाम लाइट इन्फ्रेन्ट्रि राखियो (जैसी, १९९४ : ५६) ।

इ. १८६५ पछि अङ्ग्रेजहरू भारतीय परिवेशको बङ्गालबाट असमतर्फ बढी फैलिन लागेको देखिन्छ । १९०१-११ भित्रमा ४२९ माइल नयाँ सडक रेलवेलाइन बनिसकेको देखिन्छ । १९३९-४५ मा भएको दोस्रो विश्वयुद्धको समयसम्ममा असमका सडकहरू धेरै बनिसकेका थिए । यो काम गर्न वृटिस अधीनका फौज र नेपाली मजदुरहरूले ठूलो सहयोग पुऱ्याएका थिए । वृटिस सरकारको विवरणहरूमा र वृटिस फौजका डायरीहरूमा यस कुराका विवरण पाइएको छ (जैसी, १९९४ : ५६) ।

इ. १८२४ फेब्रुवरीमा गवर्नर जनरलको अनुमतिमा १० नेटिभ इन्फेन्ट्रको केप्टेन पेट्रिक डड्जनले ८ गोर्खा राइफल्सको स्थापना भएको हो । १८२८ मा असम लाइट इन्फ्रेन्ट्रको नयाँ नामकरण छैठौं गोर्खा राइफल्स रहन गएको हो । १८३५ मा गौवाहाटीमा फौज खडा गर्दा नेपाली जवानहरू मात्र भर्ना गरियो । यस कुराले के प्रमाणित गर्छ भने नेपालीहरूको त्यस ठाउँमा धेरै अघिदेखिको बसोबास थियो । १८२३ मै गठन भएको ४३ असम लाइट इन्फ्रेन्ट्र र ४४ सिलहट लाइट इन्फ्रेन्ट्रीमा पनि नेपाली जवानहरू मात्र भर्ना गरिन्थ्यो (जैसी, १९४४ : ५९) । असमको प्रशासन चलाउनको निम्ति भेली बटालियन, लखिमपुर बटालियन र नगा बटालियनका नामले नयाँ बटालियनहरू गठन गरिएको र यी बटालियनहरू पछि असम राइफल्सका १, २ र ३ बटालियन भनेर चिनिएको पाइन्छ । उक्त बटालियनमा पनि नेपाली जवानहरू नै रहेका छन् (जैसी, १९९४ : ५९) ।

सेनाको इतिहासमा गोर्खा जवानसँग जोडिएको अर्को पनि प्रसङ्ग पाइन्छ । त्यो प्रसङ्ग के हो भने १८३२ को अक्टोवरमा वृटिस गभर्नर विलियाम बेंटिङ्ले उत्तर असम पुरन्दर सिंहलाई दिनु र सदियामा एउटा दरो छाउनी बनाउनु भन्ने आदेश जारी गरे । १८३३ को २४ अप्रिलमा जोरहाटमा वुरन्दरसिंह राजा घोषित भएको र उत्तर असमको राम्रो हेरचाह गर्नका निम्ति वृटिस सरकारले असम लाइट इन्फ्रेन्ट्रीको मुख्य कार्यालय पनि जोरहाटमा नै स्थापना गरेको देखिन्छ ।

१८४५/४६ मा नागा विद्रोहीहरूलाई दमन गर्नका निम्ति पनि असम लाइट इन्फ्रेन्ट्रीका जवानहरूलाई नै खटाइएको देखिन्छ । नागाहरूले बोगचान्द नाम गरेका एकजना रेजिडेन्टको हत्या गरेकाले १८४९ मा केप्टेन आर केप्नेलको नेतृत्वमा पुनः नागाहरूसँग युद्ध भएको र १८५० सम्म यो युद्ध जारि रहेको देखिन्छ । नागाहरूको विद्रोह झन बढिरहेकाले ३००० नागाहरू हतियार सहित तयार भएका खवर थाहा पाएपछि व्रिटिश मेजर एइच फोकेटको नेतृत्वमा २ असम लाइट इन्फ्रेन्ट्रीका ५०० जवानहरू लिएर पुनः नागाहरूसँग युद्ध सुरु भएको देखिन्छ । युद्धमा व्रिटिश फौजको विजय प्राप्त गरे पश्चात् नागाहरू पनि व्रिटिशको शरणमा परे (जैसी, १९९४ : ६६) ।

नागाहरूले बाहेक लुसाई र कुकीहरूले पनि त्यही क्षेत्रमा अर्थात् नागाभूमिमै विद्रोह गरिरहेका हुँदा १८५१ मा यिनीहरूका विरुद्ध नेपाली फौजले नै सङ्घर्ष गरी यिनीहरू माथि पनि विजय प्राप्त गरी शान्ति कायम गरेको देखिन्छ (जैसी, १९९४ : ८४) । १८६१ को डिसेम्वरदेखि १८६३ मार्चसम्म ४४ इन्फेन्ट्रिलाई जयन्तियाहरूको विद्रोहलाई दमन गर्न खटाइयो ।

नागाभूमिको छेउमै पर्ने जयन्तिया पहाडमा यी जयन्तियाहरूको सानो राज्य थियो, आफ्नो राज्य बचाउन यिनीहरू विद्रोही भएका थिए । १८६२ मा यिनीहरूको दल ठूलो भएको थाहा पाएर व्रिटिश ४३-४४ फौजका जवानहरू त्यहाँ पठाएर १८६३ को मार्चमा विद्रोहीहरूलाई दमन गर्न सफल भए । जयन्तियाकै जिताई भन्ने ठाउँको चौकीमा वीरतापूर्वक लडेकाले जमादार खडगसिंह राणालाई सुवेदार बनाइयो र सेकेन्ड क्लास इन्डियन अर्डर मेरिटले विभूषित गरियो (जैसी, १९९४, ८४) ।

१८६९ देखि असममा सुरु भएको मोवामरियाहरूको विद्रोह दमन गर्न व्रिटिश सरकारले नेपाली फौजलाई नै जिम्मा लगाएको थियो । मोवामरियाहरू मूर्ति पूजालाई नमान्ने वैष्णव धर्मावलम्बी भएकाले उनीहरू दुर्गाको प्रतिमामा ढोग्दैनथे । दुर्गा नमान्ने भएकाले उनीहरूलाई दुर्गाको मूर्तिमा जवर्जस्ती ढोग्न लगाएकाले नै उनीहरू मूर्ति पूजाप्रति विद्रोही बनेका थिए । मोवामरियाहरू देवी मान्दैनथे भन्ने कुरा प्रस्तुत गीतबाट पनि थाहा पाइन्छ ।

देवी हेप्ने मोवामरालाई हानि हानि लडायौं
फर्कि आउँदा कामाक्षालाई कालो बोको चडायौं ।

यसरी नेपाली फौजले नै मोवामरियाहरूको विद्रोहलाई दमन गरेका थिए भन्ने कुराको पुष्टि मिल्छ (जैसी, १९९४ : ६६) ।

१८७१ मा भारतको व्रिटिश सरकारले असम रेजिमेन्टबाट यसभन्दा अगाडिका जवानहरूलाई पुरै सेवाबाट अवकास दिएर केवल गोर्खा नेपाली र गढवालीहरूलाई मात्र भर्ना गर्नु भन्ने आदेश जारि गर्‍यो (जैसी, १९९४ : ८६) । यस प्रकार नेपाली वीर जवानहरूले यहाँ सिमाना क्षेत्रमा उठेका विद्रोहहरू दमन गर्दै व्रिटिश इण्डिया कम्पनीको तर्फबाट शान्तिको स्थापना गरेका थिए । गोर्खा फौज देख्ने वित्तिकै मानिसहरू ढुक्क हुन्थे । आपदविपद र प्राकृतिक प्रकोप आदिमा तिनीहरूले आफ्नै घरको हानी भए झैं मन लगाएर समस्याको समाधान गर्थे । व्रिटिश सरकारले असमका फौजमा यिनै विश्वासी गोर्खाहरूलाई मात्र भर्ना गरेकाले नेपालीहरूको सङ्ख्या असममा बढ्न गएको हो । १८७८-७९ बाट नेपालीहरू दार्जीलिङबाट पनि भर्ना गराइयो (जैसी, १९९४ : ८६) । ४३/४४ गोर्खा फौज ३१ वर्षसम्म चेरापुञ्जीमा र पछि शिलङमा सारियो । साथै यी फौज प्रायः दोस्रो विश्वयुद्धसम्म असममा थिए । यस प्रकार यसरी गोर्खा जवानहरूले आर्थिक जीवन निर्वाह गर्नका निम्ति व्रिटिश इण्डिया सेनाका विभिन्न एकाइहरूमा भर्ना भएर काम गरेको देखिन्छ ।

### ३.५.३.२ औद्योगिक मजदुरी

असमको औद्योगिक विकासमा पनि नेपालीहरूको अवदान रहिआएको देखिन्छ । असमका कोइलाखानी, तेलखानी, चियापत्तिको विकासका साथै सडक निर्माण र पुल हाल्ने जस्ता जोखिम कामहरूमा समेत नेपालीहरू नै खटिएका थिए । १९०० तिरबाट नै असमका कोइलाखानीमा कोइला निकाल्ने काम प्रारम्भ भयो । त्यस समयको असम जङ्गलले भरिभराउ भएकाले औलो र जङ्गली जनवारहरूको पनि डर थियो । कोइला निकाल्ने कारिन्दाका रूपमा पनि नेपालीहरू असममा प्रवेश गरेका हुन् । जङ्गल भित्रका कोइला खानीमा काम गर्दा, जङ्गल फँडानी गर्दा, कामदारहरू अनेक दुर्घटनामा पर्दथे (जैसी, १९९४ : १०६) । कोइलाखानी भित्र कहिलेकाहीँ खानी भासिएर मानिसहरू जिउँदै पुरिन्थे ।

असम प्राकृतिक सम्पदाका दृष्टिले सम्पन्न राज्य हो । अङ्ग्रेज शासकहरू यिनै सम्पत्तिका लोभमा परेर असमको जङ्गलमा पुगेका हुन् । असममा कोइलाका अतिरिक्त खनिज तेल पनि उपलब्ध छ । भारतमा खनिज तेलको इतिहास १८२५ बाट नै प्रारम्भ भएको उनीहरूका डायरीबाट थाहा पाइन्छ । तर तेलको उत्पादन कार्य भने धेरैपछि मात्र थालिन्छ । कलकत्ताको मेकिलिप स्टेवार्ड एन्ड कम्पनीका एक सदस्य गुडेनोले तिनसुकिया जिल्लाको मार्घेरिटा अन्तर्गत माकुम भन्ने ठाउँमा ३६ मिटर गहिराइमा १८३७ को २६ मार्चमा तेल निकालेको देखिन्छ । यसरी मार्घेरिटामा तेलको पत्तो लागेपछि असम रेलवेज एण्ड ट्रेडिङ कम्पनीले (A.R.T.C) १८८६ को सेप्टेम्वरबाट तेलको खनन् कार्य आफ्नो हातमा लिएको देखिन्छ (जैसी, १९९४ : १०६) । यही कम्पनीको प्रयासले १८९० मा २०२ मिटरको गहिराइमा खनिज तेल प्राप्त भएको र यही ठाउँ नै वर्तमान डिगबोइ नामले जनजात छ । तेल खनन्का साथै तेल प्रशोधन कार्य पनि डिगबोइमै हुन थालेको देखिन्छ । कामको भार बढ्दै गएपछि (एआरटिसी) ले असम ओइल कम्पनी (एओसी) नामले कम्पनी खोलेको हो । त्यसबेला वर्मा अयल कम्पनीले पनि असमको सीमा क्षेत्रहरूमा तेल खनन् कार्य गरेको देखिन्छ । १९२१ मा वर्मा अयल कम्पनी (बिओसी) ले असम अयल कम्पनी (एओसी) को भार लियो । बिओसीले एओसी आफ्नो हातमा लिँदा एओसीको उत्पादन ४०० बेरेल प्रतिदिन थियो । बिओसीको राम्रो हेरचाहमा एओसीको उत्पादन १९२५ मा १०००० बेरेल प्रतिदिन र १९३० मा ३००० बेरेल प्रतिदिन भएको देखिन्छ ।

तेल खनन् गर्ने कार्यमा धेरै मजदुरको आवश्यकता पूर्तिका लागि भारतको ब्रिटिश सरकारले विश्वासी र बलिया गोर्खालीहरूलाई असम लैजान नेपाल सरकार समक्ष अनुमति मागेको पाइन्छ । नेपालका प्रधानमन्त्री जङ्गबहादुर र पछि चन्द्रशमशेरका पालामा कामदारहरू राजिखुशी जान चाहन्छन् भने रोक नलगाउनु भन्ने आदेश पाए पश्चात् एजेन्ट मार्फत धेरै गोर्खालीहरू सम्झौता अनुरूप मजदुरको रूपमा असममा भित्रिएका हुन् (उपाध्याय, १९८४ : ४०) । यसरी भित्रिएका गोर्खालीहरूलाई चियाकमानमा, कोइलाखानीमा

र रेललाइन बनाउने काममा खटाइएको देखिन्छ । खनिज तेलको इतिहासको आदिकालदेखि नै नेपालीहरूले आफ्नो अदम्य साहसले गर्दा डिगबोइ र छेउछाऊका जङ्गलहरूमा पसेर तेलको खोज गर्नमा पूर्ण सहयोग पुऱ्याएको कुरा पुष्टि हुन्छ ।

त्यसबेला डिगबोइको चारैतिर नेपालीहरूको बसोबास रहेको देखिन्छ । १८५६ को फेब्रुअरीमा तेलको व्यापक खोजिका लागि "अयल इण्डिया लिमिटेड" नामले भारत सरकार र एओसीको संयुक्त प्रयासमा एउटा नयाँ कम्पनी खोलिएको देखिन्छ । यस नयाँ कम्पनीमा पनि धेरै अनुभव प्राप्त नेपाली कर्मीहरूलाई लिइएको र सेनानिवृत्त कर्मीहरूलाई पनि भर्ना गरिएको छ (जैसी, १९९४ : १०९) ।

यसरी मजदुरका रूपमा असमको अनकन्टार जङ्गलमा पसेका गोर्खालीहरू औलोज्वरो र कालो ज्वरोले पीडित भई उनीहरू मध्येका धेरै जनाले मृत्यु वरण र जति रहेका थिए ती पनि रोगबाट ग्रस्थ भएको देखिन्छ । आफ्नै देशमा फर्किन पाए बाँचिन्थ्यो कि भनेर महाराज चन्द्रशमशेर कहाँ पुनः अर्जी पेस गर्दा, विदेशका अन्कन्टार भागमा खटिएका आफ्नो मानिसको त्यस्तो करुण कथा सुनेर महाराज चन्द्रशमशेरले अङ्ग्रेज शासक वर्गसँग वार्ता गर्दा त्यहाँबाट पनि राजिखुशीले कुनै गोर्खाली नेपाल फर्कन चाहन्छ भने रोक नलगाउनु भन्ने कम्पनी सरकारलाई आदेश भएपछि कति मजदुर फर्किएको र कति उतै बसेको पाइन्छ (उपाध्याय, १९८४ : ४०) ।

### ३.५.३.३ कृषि तथा गौपालन

असम पशुपालन र कृषिक्षेत्रका लागि पनि प्रख्यात क्षेत्र मानिन्छ । नेपालीहरू कृषिक्षेत्र र गौपालकका रूपमा पनि असममा भित्रिन पुगेका हुन् । इष्टइण्डिया कम्पनीले केन्द्रीय शासित कलकत्तालाई राजधानी बनाएर शासन गर्न थालेपछि असम र दार्जीलिङलाई दुध र चियाको उत्पादन केन्द्रका रूपमा विकसित गर्न थालेका हुन् (सुवेदी, २००० : १) । बीसौं शताब्दीको मध्यभागमा असमको गौचरण मानचित्रमा एकसयभन्दा बढी गौचरन क्षेत्रहरू (ग्रेजिङ रिजर्भ) रहेको देखिन्छ । ती गौचरणहरूमा धेरै दुधालु गाई पालिएका थिए । ती गाई गोठहरूमा मालिक र कामदारहरू सबै नेपाली रहेका पाइन्छन् । ती गाई भैंसीहरूका दुधबाट उत्पादित घ्यूले कोलकत्ता सरहको मागलाई पूरा गरेको देखिन्छ । असममा उत्पादन भएको घिउ कोलकातासम्म पुऱ्याउने व्यापारीहरू पनि नेपाली नै हुन् । असमका पशुपालक र दार्जीलिङका चिया कमानमा काम गर्ने मजदुरहरूको सङ्ख्या, ब्रिटिश गोर्खाहरूको सङ्ख्या भन्दा बढ्ता छ भनेर अखिल भारतीय गोर्खालिगका सभापति स्व. डम्बरसिंह बाबुले सार्वजनिक सभाहरूमा भन्दै हिडेको थाहा पाइन्छ (सुवेदी, २००० : १) । १९३९ मा प्रारम्भ भएको दोस्रो मध्ययुद्धमा धेरै नेपाली कामदारहरू असममा रहेको थाहा हुन्छ । असम युद्धको रक्षाथलो रहेकाले भित्री शक्तिका सैनिकहरूको यहाँ डेरा भएको हो । असमका विद्यालय, महाविद्यालय, मठमन्दिर सबै खुला मैदानहरू सैनिक छाउनीमा परिणत

भएका पाइन्छन् । सडक किनार चौराहहरूमा हवाइ आक्रमणबाट बच्न ट्रेन्छ (खाडल) खनिएका र असमका व्यापारी वर्गका मानिसहरू प्राण बचाउन असमबाट भागेका हुन् । तर स्थानीय मानिसका साथ पशुपालक नेपाली किसानहरू युद्धको नैराश्यका बिचमा पनि आफ्नो काममा जुटेर रहेको देखिन्छ (सुवेदी, २००० : ४) ।

नेपालमा छँदा गोपालकहरूका वस्तु भाउ चरणका निम्ति जुन सुविधा थियो असममा आएपछि त्यो भन्दा बढ्ता सुविस्ता भएकाले नेपालीहरू आनन्दले आफ्नो कार्यमा तल्लीन देखिन्छन् । असममा गाई भन्दा पनि भैंसी चर्ने घाँस र ठूलठूला पोखरीहरूमा आहल बस्ने र इकडा बन्सी घाँसले परिपूर्ण भएका पोखरीहरूको सुविस्ता भएका कारण भैंसी पालन बढी फस्टाएको देखिन्छ । असममा १९०१ भन्दा पनि अघिदेखि नेपालीहरूले दुग्ध व्यवसाय चलाउँदै आएको देखिन्छ । असम जथेटर १९०९ दरङको एक रिपोर्टमा यसरी उल्लेख गरिएको छ : "दरङ जिल्ला (हाल शोणितपुर) मा विशेषगरी गहपुर र विहाली मौजामा प्रशस्त नेपालीहरू छन्, उनीहरू मध्ये धेरैजसो ग्रेजियर्स, आरावाल र लावरको खोटो भेलापार्ने मजदुरहरू नै थिए भन्ने कुरा पनि उल्लेख भएको छ" (उपाध्याय, २००२ : १०) ।

यसप्रकार असममा गाई भैंसी पाल्ने चलन बारे विष्णुलाल उपाध्याय (जो पछि असम विधान सभाका शोणितपुर जिल्लास्थित विहाली समष्टिका सभासद भएका थिए) ले आफ्नो पुस्तकमा यसरी उल्लेख गरेका छन् :

> वर्तमान असमको ब्रह्मपुत्र उपत्यकामा घाँसको प्राचुर्य थियो । लोक्सो, बन्सी, काँस, इकडा, खगडा जताततै पाइन्थ्यो । २/३ घण्टा चरेपछि गाई, भैंसी अघाएर फर्कन्थे । एउटा भैंसीले ४/५ सेर र एउटा गाईले १/२ सेर दुध दिन्थे । धेरैजसोले एक साँझ मात्र दुहुन्थे । दुधको खाँचो थिएन । असमको पहाडे भाइहरू दुध पिउन जान्दैनथे । एक सेर दुध अथवा दहीसँग एक सेर चामल साग सब्जी साट्न पाइन्थ्यो । पहिले घाँसको टेक्स तिर्नु पर्दैनथ्यो पछि गाईको छ आना र भैंसीको एक रूपयाँ सालाना तिर्नु पर्थ्यो । पाडा र बहर बाछाहरू गैंडाका केटाकेटी जस्तै पुष्ट थिए । एक व्यक्तिले १००/१५० भैंसी र ४००/५०० माउ गाई पाल्नु केही आश्चर्य कुरा थिएन । गमिरी बिहाली, गडपाल, शिङरी, खैरेनी, बुडाछपडी, मङ्गल्दै, बरपेटा, सैखुवाघाट, मसलपुर आदि ठाउँमा बगुन्द्र गाई वस्तु पाल्ने अघिका मानिस अझै पनि यस ठाउँमा पाइन्छन् ।

तेजपुर सहरको नेपाली पट्टिमा लेखकले स्वयं भैंसी चराएको घटना उल्लेख गर्दै भन्छन् :

> तेजपुर तथा गौहाटीको उल्लु बारीमा हाम्रा बाजेहरूले गोठ राखेथे, बरपेटा रोड (हाल बरपेटा जिल्ला) रेल स्टेशनका दाहिनेपट्टि गाई पालेको र डिब्रुगढको यतिखेरको जालान नगरमा असम मेडिकल कलेज नजिक गोठ रहेको उल्लेख गरिएको छ" (उपाध्याय, १९८४ : ६३) । यो क्रम १९७२ सम्म चलेको उल्लेख पाइन्छ । त्यसरी नै असमको शोणितपुर जिल्ला अन्तर्गत बुढा छपडीमा नेपालीहरूको बसोबास १८७० भन्दा अघिदेखि नै भएको देखिन्छ । यस क्षेत्रमा १८८१ मा नै प्रोफेसनल ग्रेजिङ रिजर्भको स्वीकृति पाएको देखिन्छ (घिमिरे, १९८३ : १२) ।

नेपाली मानिसले असममा विशेषगरी ब्रह्मपुत्र उपत्यकामा पशु पालन, अन्न उपार्जन र दुधको उत्पादनमा निकै वृद्धि गरेको र मुसलिम अनुप्रवेशकारीहरूको आगमनले गर्दा पनि खेतीमा बढोत्तरी भएकाले यी सबैले असमको अर्थ नीतिमा बढोत्तरी भएको कुरा अमलेन्दु गुहले आफ्नो किताव फन्टे राज टु स्वराजमा उल्लेख गरेका छन् (गुह, १९७१ : २४७) । यसरी असममा कृषि तथा गौ पालन गर्ने क्रममा नेपालीहरूको बस्ती विकास भएको र यसले असममा कृषि तथा पशु पालनमा विकास गरेको देखिन्छ ।

## ३.६ निष्कर्ष

भारतको उत्तरपूर्वी प्रान्तका रूपमा रहेको असम प्रदेश पौराणिक कालदेखि नै परिचित रहेको छ । आधुनिक असम प्रदेशको निर्माण हुनुपूर्व यो वृहत्तर राज्यका रूपमा रहेको र विभिन्न नामले परिचित भएको देखिन्छ । यसमा अनेक जातजातिहरूको बसोबास भए पनि आहोम जातिहरूको बाहुल्य रहेकाले तिनकै नाममा असम नाम रहन गएको हो । असम र नेपालको सम्बन्ध पौराणिक कालदेखि नै रहेको कुरा विभिन्न किम्बदन्तीहरूले पुष्टि गरे पनि ऐतिहासिक साक्ष्यका आधारमा पनि असम र नेपालको सम्बन्ध घनिष्ठ रहेको देखिन्छ । असममा परापूर्व कालदेखि नेपालीहरूको बसोबास हुँदै आए पनि १८१६ को सुगौली सन्धिपछि धेरै मात्रामा नेपालीहरू प्रवेश गरेका हुन् । त्यसभन्दा पनि बढी चाहिँ १८५० को जङ्गबहादुरको वेलायत यात्रापछि गोर्खासेनाको नियुक्तिमा सरकारी तौरबाट बाधा हटेपछि प्रशस्त सङ्ख्यामा नेपालीहरू भित्रिएका हुन् ।

नेपालीहरू असममा चार किसिमले भित्रिएका देखिन्छन् । सेनाका रूपमा, मजदुरका रूपमा (तेल निकाल्ने, कोइला निकाल्ने, खोटो तान्ने, आराकाट्ने), गौपालकका रूपमा र कृषिजीविका रूपमा नेपालीहरूले प्रवेश गरेको देखिन्छ । यस क्रममा नेपालीहरूको आफ्नै किसिमको रहनसहन, भाषा साहित्यको उत्थान, सङ्घ संस्थाहरूको गठन र तिनको सञ्चालन आज सघन रूपमा विकास भएको छ । नेपालीहरू असमका अन्य जातिहरूका बिचमा आफ्ना मौलिक परिचयहरूको स्थापना गर्न सफल बनिसकेको कुरा उपर्युक्त अध्ययनबाट पुष्टि भइसकेको छ ।